# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २६ | काठमाडौं | सोमबार, ०५ जेठ २०८२ | Prabhab National Daily | Monday, May 19, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**हावाहुरीबाट जोगिने उपाय**

- घरलगायतका निर्माण संरचना बलियो बनाऔं ।
- हावाहुरी चल्न थाले झ्यालढोका बन्द गरौं ।
- छानालाई राम्ररी कसेर बाधौं ।
- गमलालाई सुरक्षित तरीकाले राखौं ।
- जस्तापातालगायतका सामग्री खुल्ला र जथाभावी नछोडौं ।
- भीडभाडमा भएको बेला हावाहुरी चले भागदौड नगरौं। विस्तारै सुरक्षित स्थानमा जाऔं ।
- सवारी साधन चलाइरहेको बेला हावाहुरी चले रोकेर सुरक्षित स्थानमा जाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


विद्यालय शिक्षा विधेयक

## ४६ हजार शिक्षकलाई सुविधा र मौका परीक्षा प्रस्ताव



■ जेबी योञ्जन

- राहत र अनुदान, विशेष र साविक उच्च माध्यमिक विद्यालयका शिक्षकलाई सुविधा र परीक्षाको मौका दिने कानुनी व्यवस्था गर्न सुझाव
- यो कानुनी व्यवस्था कार्यान्वयनमा आए ४६ हजार शिक्षक लाभान्वित हुने
- ६० प्रतिशत आन्तरिक र ४० प्रतिशत शिक्षक खुला प्रतिस्पर्धाबाट लिने व्यवस्था गर्न सुझाव
- निजी विद्यालय र बालविकास शिक्षाको विषयमा उपसमिति अनिर्णीत

**काठमाडौं–** सामुदायिक विद्यालयमा कार्यरत ४६ हजार राहत र अनुदान, विशेष र साविक उच्च माध्यमिक विद्यालयका शिक्षकलाई सुविधा र परीक्षाको मौका दिनेगरी कानुन बनाइने भएको छ । नेकपा एमालेका सांसद छविलाल विश्वकर्मा संयोजक रहेको उपसमितिले संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिलाई यस्तो कानुनी व्यवस्था गर्नेगरी विद्यालय शिक्षा विधेयकमा दफावार छलफलपछि प्रतिवेदन बुझाएको हो ।

यसअघि शिक्षक आन्दोलनका क्रममा राहत शिक्षकहरूले प्रक्रिया पूरा गरेर स्वत: स्थायीको माग गरेका थिए । तर, कतिपयले भने राहत, अनुदान, विशेषलगायत विभिन्न दरबन्दीमा कार्यरत शिक्षकहरू राजनीतिक प्रभावमा नियुक्त भएको भन्दै विरोध गरेका थिए ।

गत १७ वैशाखमा सरकार र शिक्षक महासंघबीच भएको नौ बुँदे सहमतिमा पनि यस्तो प्रावधान राख्नेबारे उल्लेख थिएन । आइतबार भने समितिलाई विश्वकर्मा संयोजक रहेको उपसमितिले बुझाएको प्रतिवेदनमा कानुनीरूपमै उनीहरूलाई सुविधा र परीक्षाको मौका दिने भनिएको छ ।

यसबाहेक राहत शिक्षक अनुदान कोटा र विशेष शिक्षा तथा प्राविधिक धारका शिक्षक तथा प्रशिक्षक अनुदान कोटामा कार्यरत शिक्षकलाई शिक्षक सेवा आयोगले लिने पहिलो परीक्षामा भाग लिन उमेरको हद नलाग्ने प्रावधान राखिएको छ ।

प्रतिवेदनमा ४० प्रतिशत सिटमा मात्रै खुला प्रतियोगिताबाट शिक्षक छनोट हुने प्रावधान छ । बाँकी ६० प्रतिशत आन्तरिक प्रतिस्पर्धाबाट शिक्षकलाई स्थायी बनाइने प्रतिवेदनमा उल्लेख छ ।

माओवादीबाट उपसमिति सदस्य रहेका पूर्वशिक्षामन्त्री देवेन्द्र पौडेलले यो निश्चित अवधिसम्मका लागिमात्रै हुने बताएका छन् । 'वर्षौंदेखि समाधान हुन नसकेको राहत, अस्थायीलगायत विभिन्न खालका शिक्षकको सवाल हो । त्यसलाई सम्बोधन गरेर जाउँ भनेर यस्तो प्रावधान राखिएको हो,' उनले प्रभावसँग भने, 'यस्तो जहिल्यै हुँदैन ।'

उपसमितिले कक्षा ११ र १२ को स्वीकृत दरबन्दीसहित कूल दरबन्दीको ६० प्रतिशत सिटमा राहत शिक्षक, अनुदान कोटा र विशेष शिक्षा तथा प्राविधिक धारका शिक्षक तथा प्रशिक्षक अनुदान कोटामा कार्यरत शिक्षकबीच सीमित प्रतिस्पर्धा गर्न सुझाएको छ । कक्षा ११ र १२ को स्वीकृत दरबन्दीमा कार्यरत अस्थायी शिक्षकहरूमध्येबाट सीमित प्रतिस्पर्धाको आधारमा स्थायी गर्ने गरी कानुन बनाउन पनि उपसमितिको सुझाव छ ।

यस्तै, शिक्षक सेवा आयोगले लिने आन्तरिक प्रतिस्पर्धामा पनि अनुत्तीर्ण हुने शिक्षकले आर्थिक सुविधा पाउने भएका छन् । सीमित प्रतिस्पर्धामा अनुत्तीर्ण हुने राहत शिक्षक अनुदान कोटा र विशेष शिक्षा तथा प्राविधिक धारका शिक्षक तथा प्रशिक्षक अनुदान कोटामा कार्यरत शिक्षकले गरेको सेवा अवधिको आधारमा सरकारले निर्धारण गरेअनुसार आर्थिक सुविधा प्राप्त गर्न सक्ने भनिएको छ ।

क्रमश: पृष्ठ २ मा

# २५ बुँदे 'सगरमाथा कार्य आह्वान' जारी गर्दै सकियो सगरमाथा संवाद

## तयारी फितलो हुँदा औपचारिकतामा सीमित

■ प्रभाव संवाददाता




**काठमाडौं–** शुक्रबारबाट काठमाडौंमा सुरू भएको सगरमाथा संवाद कार्यक्रम २५ बुँदे 'सगरमाथा कार्य आह्वान' जारी गर्दै आइतबार सकिएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गरेको कार्यक्रम एक घण्टे माउण्टेन फ्लाइटबाहेक काठमाडौंमै सीमित भयो ।

'जलवायु परिवर्तन, हिमाल र मानव जातिको भविष्य' नारासहित पहिलोपटक सगरमाथा संवाद आयोजना गरिएको हो । पहिलो संस्करण तीन दिनसम्म चल्यो । काठमाडौंको होटल सोल्टीमा सहभागी विशिष्ट पाहुनाहरूलाई अन्तिम दिन हिमशृंखला पर्वतीय उडान (माउण्टेन फ्लाइट) मार्फत सर्वोच्च शिखर सगरमाथासहितका हिमालको दृश्यावलोकन गराइएको थियो ।

वन तथा वातावरणमन्त्री ऐनबहादुर शाहीको नेतृत्वमा एक घण्टासम्म चलेको पर्वतीय उडानका क्रममा सगरमाथा, मकालु, नुप्से, गौरीशंकरलगायत थुप्रै हिमशिखरको दृश्यावलोकन गरे । साहसिक गन्तव्यको प्रवर्द्धन गर्ने उद्देश्यले पाहुनालाई 'माउण्टेन फ्लाइट' गराइएको नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले जानकारी बताए ।

### कार्यक्रम सफल भएको सरकारको दाबी

परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले जलवायु परिवर्तनका कारण हिमालदेखि टापुसम्म उत्पन्न समस्याबारे आवाज उठाउन सगरमाथा संवाद सफल भएको दाबी गरेकी छन् । 'संवादको यो संस्करणले उच्च हिमालदेखि टापु राष्ट्रका नेता, नीति निर्माता, विज्ञहरू, शिक्षाविद्, युवा, नागरिक समाज, अन्तर्राष्ट्रिय संगठन र समुदायका आवाजलाई वास्तविक संवादको भावनामा एकसाथ ल्याएको छ,' समापनसत्रमा उनले भनिन् ।

संवादमा छलफल भएका विषय र सुझावलाई यसै महिनाको अन्त्यमा ताजकिस्तानमा हुने हिमनदी संरक्षणसम्बन्धी उच्चस्तरीय अन्तर्राष्ट्रिय सम्मेलन, संयुक्त राष्ट्रसंघको ८०औं महासभा तथा यसै वर्ष ब्राजिलमा हुने जलवायु परिवर्तनसम्बन्धी राष्ट्रसंघीय सम्मेलन कोप-३० लगायत अन्तर्राष्ट्रिय मञ्चमा उठाइने उनले बताइन् । सगरमाथा संवादको दोस्रो संस्करण सन् २०२७ मा हुने छ ।

क्रमश: पृष्ठ २ मा

### यस्तो छ २५ बुँदे आह्वान

नेपाल सरकारले पहिलोपटक आयोजना गरेको 'सगरमाथा संवाद' ले २५ बुँदे 'सगरमाथा कार्य आह्वान' जारी गरेको छ । जसमा आफ्नो देश विशेष अनुकूलन आवश्यकताहरू पूरा गर्न राष्ट्रिय अनुकूलन योजनाहरू विकास र कार्यान्वयन गर्न थप प्रोत्साहित गरिने, विकासशील र विशेष परिस्थितिमा रहेका देशमा जलवायु कार्य कार्यान्वयनका लागि अन्तर्राष्ट्रिय वित्तीय सहायताको वृद्धि र परिचालन गर्न आह्वान गरिने उल्लेख छ ।

त्यसैगरी संवादले विकासशील र जलवायु परिवर्तनको जोखिममा रहेका देशलाई द्विपक्षीय, बहुपक्षीय र वैकल्पिक स्रोतबाट वित्तीय संयन्त्रका सञ्चालन निकाय र युएनएफसिसिसी र पेरिस सम्झौताअन्तर्गतका कोषसहित अन्तर ाष्ट्रिय जलवायु वित्तमा समान र सरलीकृत पहुँच सुनिश्चित गर्न सामूहिक प्रयासहरूलाई प्रोत्साहित गर्न आह्वान गरेको छ । पर्वतीय क्षेत्रहरूमा जलवायु कार्य र दिगो विकासका लागि लक्षित वित्तीय स्रोतहरू परिचालन गर्न पर्वतीय देशहरूको विकासका लागि समर्पित कोष स्थापना गर्ने आह्वानलाई समर्थन गर्ने र मौजुदा तथा नवप्रवर्तनकारी वित्तीय स्रोतहरूको उपयोग गरी पर्वतीय पारिस्थितिक प्रणाली सेवाहरूको मान्यता, सम्मान र पुरस्कृत गर्न प्राथमिकता दिने सगरमाथा कार्य आह्वानमा उल्लेख छ।

क्रमश: पृष्ठ २ मा

सन्दर्भ: वैदेशिक रोजगार

# १० महिनामा करिब ६५ करोड क्षतिपूर्ति वितरण

■ विविशा पौडेल




- साउनदेखि वैशाख मसान्तसम्म वैदेशिक रोजगारीमा गएका १२०३ जनाको मृत्यु
- अधिकांश मृत्यु घटना खाडी मुलुक र मलेसियामा
- मृत्यु भएकामध्ये सबैभन्दा धेरै मधेस प्रदेशका

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८१/८२ को १० महिनामा वैदेशिक रोजगारीको क्रममा एक हजार २०३ जनाले ज्यान गुमाएका छन् । रोजगारीका लागि विभिन्न मुलुक पुगेका श्रमिकको सडक दुर्घटना, कार्यस्थल दुर्घटना, हृदयघात, आत्महत्या, क्यान्सरलगायतका कारणले मृत्यु भएको पाइएको छ । वैदेशिक रोजगार बोर्डको तथ्यांकअनुसार मृत्यु हुने अधिकांश खाडी मुलुक गएकाहरू रहेका छन् ।

यस अवधिमा मृत्यु भएकाको परिवारलाई बोर्डले ६४ करोड ९४ लाख ५० हजार रूपैयाँ क्षतिपूर्तिबापत दिएको छ । गएको कात्तिक ८ गतेयता मृत्यु भएकाको परिवारले १० लाख रूपैयाँका दरले राहत रकम पाएका छन् । कात्तिक ८ अगाडि मृत्यु भएका कामदारका परिवारले भने सात लाख रूपैयाँ पाएको बोर्डले जनाएको छ । यस्तो रकम मृत्यु भएको श्रमिकको करार अवधि बाँकी भए या अवधि समाप्त भएको एक वर्षभित्र पाउँछन् । यसबाहेकको अवस्थामा भने बोर्डले मृतकका परिवारलाई २५ हजार रूपैयाँ राहत दिँदै आएको छ ।

रोजगारीमा जानेहरूको संख्या खाडीमा बढी हुँदा मृत्यु पनि त्यहीँ बढी हुने गरेको बोर्डको भनाइ छ । त्यहाँ जाने श्रमिकहरू हावापानीसँग घुलित हुन नसक्दा पनि स्वास्थ्यमा विभिन्न समस्या देखिएर मृत्यु हुने गरेको बताइन्छ । पछिल्लो १० महिनामा खाडी मुलुक र मलेसिया गएका एक हजार ८९ श्रमिकको मृत्यु भएको छ । बाँकी ११४ जना भने युरोप, एसियन तथा अफ्रिकी मुलुकका रहेका छन् । सबैभन्दा धेरै ३०६ जनाको मलेसियामा मृत्यु भएको छ । त्यसपछि साउदीमा २५९ जना, संयुक्त अरब इमिरेट्स (युएई)मा २३९, कतारमा १९२, कुवेतमा ६६, ओमानमा १४ र बहराइनमा १३ जनाको मृत्यु भएको तथ्यांक छ ।

### मृत्यु हुनेहरूमा मधेस प्रदेशका बढी

मृत्यु भएकामध्ये सबैभन्दा धेरै मधेस प्रदेशका युवाहरू रहेका छन् । मधेस प्रदेशका जिल्लाहरू धनुषा, सिरहा, महोत्तरी, सप्तरीलगायतबाट रोजगारीमा जानेको संख्यासमेत बढी रहेको छ । चालु आवको १० महिनामा मधेसबाट रोजगारीमा गएकामध्ये ४६४ जनाको विभिन्न कारणले ज्यान गएको बोर्डको तथ्यांकमा उल्लेख छ । त्यसपछि सबैभन्दा बढी लुम्बिनी प्रदेशबाट जानेहरूको रहेको छ ।

लुम्बिनीका २७७ जनाले ज्यान गुमाएका छन् । त्यसैगरी कोशी प्रदेशबाट २६४, बागमती प्रदेशबाट १४०, गण्डकी प्रदेशबाट १३९, सुदूरपश्चिम प्रदेशबाट २३ र कर्णाली प्रदेशबाट ३५ जनाको रोजगारीका क्रममा मृत्यु भएको छ । कर्णाली र सुदूरपश्चिमबाट भने रोजगारीका लागि खाडीलगायतका मुलुक जानेको संख्या तुलनात्मक रूपमा कम छ । सुदूरपश्चिमका कैलाली, कञ्चनपुरलगायतका जिल्लाबाट ८० प्रतिशतभन्दा बढी रोजगारीका लागि भारत जाने गरेका छन् । भारत जाने श्रमिकको आधिकारिक विवरण भने सरकारले राख्ने गरेको छैन ।

वैदेशिक रोजगारीमा मृत्यु भएकामध्ये आव २०८०/८१ मा ७९० जनाको शव बोर्डले झिकाएको थियो । त्यस्तैगरी आव २०७९/८० मा ७०० जना र आव २०७८/७९ मा २३८ जनाको शव ढुवानी गरिएको विवरण छ । बोर्डले आव २०७०/७१ बाट रोजगारीका क्रममा मृत्यु भएकाको शव ढुवानी गरिदिँदै आएको छ । उक्त वर्ष एक जनाको शव झिकाएको थियो । बोर्डले दूतावासमार्फत शव झिकाएर सम्बन्धित व्यक्तिको घरसम्मै पुर्‍याइदिने गरेको छ ।

# घर झगडाले नागरिक उन्मुक्तिमा 'लफडा'

## सुदूरपश्चिम प्रदेशको उद्योगमन्त्रीमा रामेश्वर चौधरी नियुक्त


रामेश्वर चौधरी


रञ्जिता श्रेष्ठ


रेशमलाल चौधरी

■ प्रभाव संवाददाता

**काठमाडौं–** सुदूरपश्चिम प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्रीमा रामेश्वर चौधरी नियुक्त भएका छन् । सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहको सिफारिसमा प्रदेश प्रमुख नजिर मियाँले नेपालको संविधानको धारा १६८ बमोजिम चौधरीलाई आइतबार मन्त्रीमा नियुक्त गरेका हुन् । उनले आइतबार नै पद तथा गोपनीयताको शपथ लिए ।

नागरिक उन्मुक्ति पार्टी (नाउपा)को तर्फबाट प्रदेशसभा सांसद चौधरी मन्त्री बनेका हुन् । पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठ चौधरी र संरक्षक रेशमलाल चौधरीपक्षबीचको विवादले उनलाई चिट्ठा परेको छ । दुवै पक्षले यसअघि सिफारिस गरेका दुई सांसदले भने यो अवसर गुमाएका छन् ।

पार्टी अध्यक्ष श्रेष्ठले प्रदेशसभा सदस्य कैलाश चौधरीलाई मन्त्री बनाउन सिफारिस गर्न संसदीय दललाई निर्देशन दिएको थियो । संसदीय दलको बैठकले भने अध्यक्षको निर्देशनविपरीत संसदीय दलका नेता घनश्याम चौधरीलाई मन्त्रीमा सिफारिस गर्ने निर्णय गरेको थियो । तर घनश्यामले मन्त्री बन्न अस्वीकार गरे । र, आइतबार बसेको अर्को बैठकले रामेश्वरलाई मन्त्री बनाउन सिफारिस गरेको थियो । दलकी प्रमुख सचेतक इन्दिरा गिरीले दलभित्र विवाद भएको स्वीकार गर्दै सहमतिमा अगाडि बढेको बताइन् । 'दलमा विवाद हुन्छ, सहमति खोजेर अघि बढ्ने हो,' उनले भनिन् ।

विवादास्पद 'अडियो' सार्वजनिक भएपछि उक्त पार्टीबाट उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्रीको जिम्मेवारीमा रहेका लक्ष्मणकिशोर चौधरीले गत चैतमा पदबाट राजीनामा दिएका थिए ।

क्रमश: पृष्ठ ३ मा

## पृष्ठ १ बाट क्रमश:

# २५ बुँदे...

मुख्यसचिव एकनारायण अर्यालले समापन कार्यक्रममा सगरमाथा संवादले जलवायुजन्य संकट कम गर्नका लागि सबैको सहकार्य बलियो बनाउन भूमिका खेलेको बताए । मुख्यसचिव अर्यालले छिमेकी तथा मैत्रीपूर्ण देशका उच्चस्तरीय विशिष्ट व्यक्तित्वहरूको उत्साहजनक उपस्थिति, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधि र विभिन्न सरोकारवालाको सहभागिताले सगरमाथा संवाद सफलता भएको बताए ।

'सगरमाथा संवाद अविष्मरणीय रह्यो, जसले हामीलाई जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरू न्यूनीकरण गर्न द्रुत र प्रभावकारी कामका लागि आवाज उठाउन अवसर प्रदान गरेको छ, जलवायु संकट समाधानका लागि ढिला गर्ने कुनै बहाना हामीसँग छैन, संवाद र सहकार्य नै सामूहिक कार्यको प्रेरणा बन्न सक्छ,' उनले भने, 'यो संवादले हिमाल तथा हिमनदीहरूको जल, खाद्य, जैविक विविधता, स्वास्थ्य तथा विपद्का कुरा उजागर गरेर प्रतिरोधात्मक क्षमता अभिवृद्धिका सहयोग गर्ने छ। खासगरी हिमाली क्षेत्रका बासिन्दा र आदिवासी समुदायहरूमा जलवायु परिवर्तनको असर असमानरूपमा परेको तथ्यलाई यसले औंल्याएको छ ।'

परराष्ट्रसचिव अमृतबहादुर राईले नेपाल सरकारले पहिलोपटक आयोजना गरेको सगरमाथा संवादमार्फत हिमालका विषय उजागर गर्न सफल भएको तर्क गरे । संवादको समापनपछि आयोजित पत्रकार सम्मेलनमा राईले कार्यक्रमबाट नेपालले विश्वमा आफ्नो छवि थप उचाइमा पुऱ्याउन, जलवायु चुनौती र भइरहेका विषयलाई थप उजागर गर्ने सन्दर्भमा सफलता प्राप्त भएको बताए । 'संवादमा हिमालका विषय उजागर गरिएका छन्, यी हिमाली क्षेत्रको मात्र नभई टापुसम्मको चासोका विषय हुन्,' राईले भने ।

जलवायुका विषयमा क्षेत्रीय र विश्वव्यापी रूपमा साझेदारीका साथ अघि बढ्ने विषयमा संवादमा छलफल भएको बताउँदै सचिव राईले अतिकम् विकसित र विकासोन्मुख मुलुकलाई विकसित राष्ट्रले गर्नुपर्ने सहयोग र सहकार्यका सम्बन्धमा बृहत् र उपलब्धिमूलक छलफल भएको उल्लेख गरे ।

### के-के भए संवादमा ?

सगरमाथा संवादमा उद्घाटन समारोहदेखि १२ वटा समानान्तर सत्र, अतिरिक्त सत्र तथा विश्वव्यापी एवं क्षेत्रीय साझेदारीसम्बन्धी गोलमेच बैठक सम्पन्न भएका छन् । संवादको पूर्णसत्रमा १९ देशका प्रतिनिधि र विभिन्न निकायका प्रतिनिधिले जलवायु संकट समाधानमा एकता र ऐक्यबद्धताका लागि आह्वान गरे । संवादमा तीन दर्जनभन्दा बढी मुलुकका १७५ विदेशी र त्यति नै संख्यामा नेपाली सरकारी अधिकारी तथा विज्ञसहित ३५० विशिष्ट व्यक्तिको सहभागिता रहेको थियो ।

उक्त सत्रहरूमा विभिन्न मुलुकबाट आइपुगेका र नेपालका सरकारी निकायका सम्बन्धित अधिकारी तथा विज्ञहरूले आफ्ना अनुभव आदानप्रदान गरेका थिए । संवादकै दौरान हिन्दू कुश हिमालय क्षेत्रका देशहरूको मन्त्रीस्तरीय बैठक सम्पन्न भएको थियो । बैठकले हिन्दू कुश हिमालय क्षेत्रका मुलुक जलवायुको बढी जोखिमा रहेकाले यस क्षेत्रको पारिस्थितिकीय प्रणाली बचाउन थप सहकार्यका विषय पहिल्याउनुपर्नेमा जोड दिइएको थियो ।

परराष्ट्र मन्त्रालयका सहसचिव एवं संवादको प्रचारप्रसार समितिका संयोजक लोकबहादुर पौडेल क्षेत्रीले विश्वव्यापी मुद्दामा नेपालको प्रतिबद्धतालाई उजागर गर्दै विश्वव्यापी सहयोग र साझेदारी निर्माणका सवालमा संवाद उपयोगी सिद्ध भएको बताए । संवादमा हिमालबाट समुद्रसम्म परिरहेका असर, दिगो हरित अर्थ व्यवस्था, जलवायु हानि नोक्सानी न्यूनीकरण, जलवायु न्याय र मानवताको भविष्य, क्षेत्रीय र वैश्विक साझेदारीलगायत विषयमा अर्थपूर्ण छलफल भएको क्षेत्रीले बताए ।

विश्वव्यापी हरितगृह ग्यासको उत्सर्जनमा नेपालको भूमिका न्यून रहे पनि जलवायुका असरबाट भने अत्यन्त प्रभावित भइरहेको छ । यस परिस्थितिमा संवाद हिमालका मुद्दामा विश्व समुदायको ध्यानाकर्षण गराउन र जलवायु संकट समाधानमा साझा धारणा बनाउन सफल भएको ठानिएको छ ।

बहुप्रतिक्षिति सगरमाथा संवाद कार्यक्रम छ वर्षअघि २०७६ चैत मा गर्ने तयारी गरिएको सगरमाथा संवाद कोभिड-१९ को महामारीका कारण स्थगित भएको थियो ।

जलवायु परितर्वनको मुद्दालाई जोडतोडका साथ उठाएर आयोजना गरिएको कार्यक्रममा आमन्त्रित राष्ट्रले आफ्नो प्रमुखहरूलाई भने काठमाडौं पठाएनन् । यो संवाद कार्यक्रममा संयुक्त राष्ट्रसंघका महासचिव एन्टिनियो गुटेर्रेसदेखि विभिन्न राष्ट्रका प्रधानमन्त्रीहरूलाई समेत निम्तो गरिएको थियो ।

■■■

# यस्तो छ....

दिगो जलवायु कार्यलाई बढावा दिन निजी क्षेत्रको वित्त र कार्बन बजारहरूको भूमिकालाई जोड दिने, जलवायुमैत्री प्रविधिमा पहुँच सहज बनाउन र क्षमता अभिवृद्धि गर्न विश्वव्यापी र क्षेत्रीय साझेदारीलाई सुदृढ गर्ने संवादको निष्कर्ष छ ।

संवादले ग्रामीण र सहरी समुदाय दुवैमा सानादेखि ठूला स्तरका पूर्वाधारसम्म हरित, लचिलो र समावेशी विकास प्रवर्द्धन गर्ने महत्त्वलाई स्वीकार गर्दै स्वच्छ ऊर्जा, ऊर्जा दक्षता र न्यायपूर्ण ऊर्जाको महत्त्वलाई जोड दिने, स्वच्छ ऊर्जाका साथै हरित, चक्रिय र बायो-अर्थतन्त्रमार्फत भविष्यलाई शक्ति प्रदान गर्ने महत्त्वलाई स्वीकार गरेको छ ।

जलवायुजन्य विपद्हरूलाई सम्बोधन गर्न र हिमनदी, जलस्रोत, वन र कृषि प्रणालीको संरक्षणका लागि विज्ञान, प्रविधि र नवप्रवर्तनमा आधारित समाधानहरूलाई प्रवर्द्धन गर्ने आह्वानमा उल्लेख छ ।

'क्षेत्रीय जलवायु, मनसुन, क्रायोस्फियर र जनस्वास्थ्यमा गहिरो प्रभाव पार्ने ट्रिपल प्लानेटरी क्राइसिस र अल्पकालीन जलवायु प्रदूषकहरूमा विशेष ध्यान दिई हिमाल र जलवायु परिवर्तन एजेन्डामा संवादलाई प्रोत्साहित गर्दछौं । विकासशील देशहरूको आवश्यकताअनुरूप तथ्यांक प्रणालीलाई सुदृढ गर्ने, तथ्यांक साझेदारी र अन्तरसञ्चालन सुनिश्चित गर्ने र जलवायु एट्रिब्युसन र पूर्वचेतावनी संयन्त्रहरू विकास गर्ने अत्यावश्यकतालाई स्वीकार गर्दछौं' सथरमाथा कार्य आह्वानका उल्लेख छ ।

बालबालिका, युवा, महिला, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिकहरूको सक्रिय सहभागितामार्फत समावेशी जलवायु कार्यहरूलाई बढावा दिन र अन्तरपुस्ता र अन्तरपुस्ता समानता कायम राख्दै लैंगिक सन्तुलन कायम गर्ने आह्वानमा उल्लेख छ ।

पर्वतीय समुदायहरूको आवाजलाई विश्वव्यापी जलवायु प्रक्रियाहरूमा बुलन्द गर्ने उद्देश्यले संवाद, नवप्रवर्तन र सशक्तीकरणका लागि हिमाल र जलवायु परिवर्तनसम्बन्धी बहुसरोकारवाला अन्तर्राष्ट्रिय मञ्चको सिर्जना गर्न आह्वान गरिएको छ । आह्वानमा भनिएको छ, 'स्थानीय र आदिवासी समुदायहरूको जलवायु नीति, कार्यक्रम र कार्यहरूमा, अनुकूलन र संरक्षण पहलसहित भूमिकालाई स्वीकार गर्दछौं । वातावरणीय सेवाहरूको भुक्तानीका लागि संयन्त्रहरू विकास गर्ने आवश्यकतालाई जोड दिने र नवप्रवर्तनकारी जलवायु वित्तपोषण अपनाउन सक्षम बनाउन आह्वान गर्दछौं ।'

ज्ञान केन्द्रहरू विकास, उत्कृष्ट अभ्यासहरू साझा गर्ने र जलवायु नीति, कार्यक्रम र कार्यहरूमा स्थानीय समुदायहरूको भूमिका बढाउने आवश्यकतालाई जोड दिइएको छ । संवादमा सगरमाथादेखि समुद्रसम्म र उच्च भूभागदेखि टापुसम्म गुञ्जिनेगरी तत्काल जलवायु कार्यका लागि साझा आवाज बनाउने संकल्प गरिएको छ ।

प्रधानमन्त्री ओलीले संवादको उद्घाटनमा संवादको दृष्टिकोण र विश्वले जलवायु परिवर्तनसहित धेरै दबाबपूर्ण चुनौतीको सामना गरिरहेको बेला यसको महत्त्व प्रस्तुत गरेका थिए ।

■■■

# ४६ हजार शिक्षक...

त्यसरी आर्थिक सुविधा पाएपछि उनीहरू शिक्षण पेसाबाट अलग हुनुपर्ने छ । यदि, आन्तरिक प्रतिस्पर्धा गरिएको ६० प्रतिशत पदमा पदपूर्ति पूरा हुन नसकेको अवस्थामा त्यसलाई सबैले प्रतिस्पर्धा गर्न मिल्नेगरी खुला गर्न मिल्ने व्यवस्था गर्न पनि उपसमितिको सुझाव छ ।

उपसमिति संयोजक विश्वकर्माका अनुसार १५ परिच्छेद र १६३ दफा रहेको विधेयकमा उपसमितिले १०८ बुँदा बनाएको छ । १०१ दफामा परिमार्जन र १३ वटा दफा नयाँ थपिएको उनको भनाइ छ । विधेयकका ६२ वटा दफा भने सरकारले प्रस्ताव गरेअनुसार नै हुनेगरी सहमति भएको बताए ।

'विभिन्न १५ वटा परिच्छेद र १६३ दफामा उक्त विधेयकउपर १५२ समूहमा १६१ माननीय सदस्यहरूबाट एक हजार ७५८ वटा बुँदामा दर्ता भएका संशोधन प्रस्तावसहितको विधेयकका सम्बन्धमा उपसमितिले छलफल गरी १०८ बुँदाको प्रतिवेदन तयार गरेको छ,' उनले सञ्चारकर्मीसँग भने, 'विधेयकका कूल १६३ वटा दफामध्ये १०१ वटा दफामा परिमार्जन गरिएको छ। १३ वटा नयाँ दफा थप गरिएको छ। चारवटा दफालाई हटाइएको छ। १३ वटा दफाको सट्टा नयाँ दफा राखिएको छ। ६२ वटा दफालाई सरकारले प्रस्ताव गरेकै स्वरूपमा टुंगोमा पुऱ्याइएको छ ।

उपसमितिले निजी विद्यालयलाई गुठीमा लैजाने कि कम्पनीमै राख्ने भन्ने विषयमा टुंगो लगाएको छैन । यो सवाललाई थाती राखेर उपसमितिले प्रतिवेदन बुझाएको हो । दफावार छलफलको क्रममा भने निजी विद्यालयलाई गुठीमा रूपान्तरण गर्ने सहमति जुटेको थियो । तर, प्रतिवेदन लेख्ने क्रममा त्यो विषयलाई थातीमा राख्यो । अब समितिले नै यस विषयमा सहमति खोज्ने समिति सभापति अम्बरबहादुर थापाले बताए ।

'जे टुंगियो, त्यसमा थप छलफल हुँदैन । नटुंगिएको विषयमा छलफल गरेर टुंगो लगाउँछौं र सदनमा प्रतिवेदन पेस गरेर विधेयक पारित गर्ने प्रक्रियामा अघि बढ्छौं,' थापाले प्रभावसँग भने । उपसमितिमा बाल विकास (इसिडी)लाई विद्यालय संरचनामा राख्ने कि नराख्ने भन्नेमा पनि सहमति जुट्न सकेन । तर, अब इसिडी दुई वर्षको मात्रै हुने सुझाव उपसमितिको छ । उपसमिति गत वर्षको ८ चैतमा गठन भएको थियो । शिक्षा विधेयकउपर परेका संशोधन प्रस्तावहरूमाथि दफावार छलफल गरेर सहमति जुटाउने उपसमितिलाई कार्यादेश थियो । तर, केही विवादित विषयमा भने सहमति नजुटाइकन उपसमितिले प्रतिवेदन समितिमा बुझाएको हो ।


## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **T.S.P Traders** कम्पनीले CHINA बाट पैठारी गरेको दोहायको मालबस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि. नं. | मालबस्तुको विवरण | मोडल | ब्राण्ड | उत्पात्तिको मुलुक राष्ट्र | ईकाई | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) |
|---|---|---|---|---|---|---|
| 1 | Aufit Air Conditioner with inverter (ASW-H18k/QGR1.8DI) | 11150210001214 | AUFIT | CHINA | PCS | 91094 |

बिक्रेताको फर्मको नाम : **T.S.P Traders**
स्थायी लेखा नं : **618039175**
ठेगाना : **Anamnagar-29, Kathmandu, Nepal**
फोन नं: **9842333926**



# JUGAL RURAL MUNICIPALITY
## Office Of The Rural Municipal Executive
### Baramchi, Sindhupalchok
### Bagmati Province,Nepal

## INVITATION FOR SEALED QUOTATION

**Invitation for Sealed Quotation for Supply and Delivery of Murra Cross Pada Padi**

**IFQ No: JRM/SQ/GOODS/03/081-082**

***First Date of publication: 2082/02/05 (19/05/2025)***

1. The Jugal Rural Municipality Office ,Baramchi, Sindhupalchok invites Sealed Quotation from the Registered Suppliers' for the Supply and Delivery of following Goods.

| IFQ No | Description | Bid Security Amount | Price of Bid Document | Bid Submission Last Date, Time | Bid Opening Date, Time |
|---|---|---|---|---|---|
| JRM/SQ/GOODS/03/081-082 | Supply and Delivery of Murra Cross Pada Padi | 59,000 | Rs 1,000 | 2082/02/19 (02-06-2025) at 12:00 hrs | 2082/02/19 (02-06-2025) at 13:00 hrs |

2. The Jugal Rural Municipality invites sealed quotations from registered Suppliers for the supply, delivery of Murra Cross Pada Padi.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Jugal Rural Municipality or may visit PPMO website **www.bolpatra.gov.np.**
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from www.bopatra.gov.np/egp Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
   **Name of the Bank :** Kumari Bank Ltd **Name of Office :** Jugal Rural Municipality
   **Office Account no.:** 2670247816200009 **Account Name. :** Ga.1.1 ANTARIK RAJASWA KHATA
5. Sealed bids must be submitted to the office Jugal Rural Municipality by **www.bopatra.gov.np/egp** on or before 12:00 hrs on **2082/02/19 (02-06-2025)**. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2082/02/19 (02-06-2025) at 13:00 hrs** at the office of Jugal Rural Municipality, Baramchi Sindhupalchok. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 59000, which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit **Account No. 2670247816200004, Account Name: GA 3 DHARAUTI KHATA** at Kumari Bank Ltd and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.
9. Any matter not covered by this notice shall be as per other mandatory information as per PPA and PPR. (With all amendment) of GON.
10. If there are any changes or correction in notice or on Bid document, the notice will be published in Jugal Rural Municipality notice board and in Official Website.

**Chief Administrative Officer**
**Jugal Rural Municipality**



**South Africa (Mauritius) मा रोजगार** कम्पनी : Tianli Construction Company Ltd

पूर्व स्वीकृति मिति : २०८२/०२/०४ LT. No. 323850 चलानी नं. ६०२३७९५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason (Grade 2) | 60 | 0 | 22330 | ६६,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Shuttering Carpenter | 30 | 0 | 22330 | ६६,४५० | | | | | | | |
| 3 | Steel Fixer | 10 | 0 | 22330 | ६६,४५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १२ गते (26th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GLOBAL RELIANCE OVERSEAS SERVICES PVT. LTD**
License No. :
Samakhusi-26, Townplanning (Near Swimming Pool) Kathmandu, 9861477936, 9851405368, 9801814417, 9704141922

**युएइमा रोजगार** कम्पनी : PAN EMIRATES HOME FURNISHINGS LLC -DUBAI BRANCH

पूर्व स्वीकृति मिति : २०८२/०२/०४ LT. No. 324025 चलानी नं. ६०२३७९५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker/Packer | 15 | 0 | 1200 | ४४,८२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १२ गते (26th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Aseana International Pvt. Ltd.**
Samakhusi–26, Kathmandu, Nepal, Tel:- 01-498950
Email:-aseana.manpower@gmail.com, info@asenainternational.com, Website:- www.aseanainternational.com
Govt. License 937/067/068

**युएइमा रोजगार** कम्पनी : ARIF HUSSAIN BUILDING MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८२/०२/०४ LT. No. 323962 चलानी नं. ६०२३८००१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 10 | 0 | 1200 | ४४,८२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Steal Fixer | 20 | 0 | 1200 | ४४,८२९ | | | | | | | |
| 3 | STONE MASON | 20 | 0 | 1200 | ४४,८२९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १२ गते (26th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Fix Job Overseas Pvt. Ltd.**
Govt.Lic. No. 1590/079/80
Sinamangal-9, Pingalasthan, Kathmandu, Nepal Tel : +977-1-5912965, 9841945941
E-mail : info@fixjoboverseas.com, fixjoboverseas@gmail.com, Website : www.fixjoboverseas.com

**यूएईमा रोजगार** कम्पनी : A G FACILITIES SOLUTIONS FOR BUILDING MAINTENANCE LLC

पूर्व स्वीकृत मिति: २०८२/०२/०४ चलानी नं.: ६०२३७९८३ LT. No.: 324001 शहर : Dubai

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 150 | 50 | स. काममा दक्ष | 925 | ३४,३८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ १२ गते (29 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि: शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.**
Gov. Lic No. 1746 /081/82
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590,9802390077 | Email: mahainfo59@gmail.com

**कुवेतमा रोजगार** कम्पनी : BAB ALHIND CARPENTRY COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०१/२७ LT. No. 323636 चलानी नं. ६०२३७९८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 7 | 0 | 120 | ५३,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Painter | 2 | 0 | 120 | ५३,५६५ | | | | | | | |
| 3 | Polisher (Furniture) | 2 | 0 | 120 | ५३,५६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १२ गते (26th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**KANCHAN HUMAN RESOURCES MANAGEMENT PVT. LTD.**
Govt. License 593/062/63
(Nearby International Airport, Next to Hotel Hema) Sinamangal-9, Kathmandu, Nepal
Telephone: 014564708, Mobile: 9851078211, 9851080486

**कतारमा रोजगार** कम्पनी : POPORSHI CONTRACTING & CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०२/०४ LT. No. 323966 चलानी नं. ६०२३७९५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 3 | 0 | 1200 | ४५,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labour | 4 | 0 | 1000 | ३७,५२५ | | | | | | | |
| 3 | Mason (Nepal) | 3 | 0 | 1200 | ४५,०३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १२ गते (26th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MAKI OVERSEAS PVT. LTD.**
LIC No. 1754/081/082
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: 01-5916205, Mob: 9863484949 (Lila sir)
E-mail : info@makioverseas.com, Web: https: www.makioverseas.com

**कुवेतमा रोजगार** कम्पनी : H&W Hall, a multi use hall for weddings and exhibitions and conferences

पूर्व स्वीकृति मिति : २०८२/०२/०४ LT. No. 324004 चलानी नं. ६०२३७९६८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners Female | 0 | 1 | 100 | ४४,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver | 1 | 0 | 150 | ६६,९५५ | | | | | | | |
| 3 | Waitress | 0 | 3 | 120 | ५३,५६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १२ गते (26th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SUPREME OVERSEAS PVT. LTD.**
श्रम इजाजत नं. ३०१/०५९/०६०
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np

**साउदीमा रोजगार** कम्पनी : AL SAFAA AL KHADRA CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८२/०२/०४ LT. No. 323925 चलानी नं. ६०२३७९५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING UNLOADING | 3 | 0 | 1000 | ३६,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १२ गते (26th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Opus Manpower Pvt. Ltd. (Mimosa Overseas Pvt.Ltd)**
Govt. License 948/067/068
Samakhusi, Townplanning-26, Kathmandu Near Big Mart , Landline No : 01-4957256,
Mob:9851100368, 9812569634 E-mail info@opusmanpower.com

**युएइमा रोजगार** कम्पनी : VALERIA BEAUTY SALOON - SOLE PROPRIETORSHIP L.L.C.

पूर्व स्वीकृति मिति : २०८२/०२/०४ LT. No. 323999 चलानी नं. ६०२३७९६७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Female) | 0 | 1 | 1500 | ५६,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Henna Applicator | 0 | 1 | 1500 | ५६,०३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १२ गते (26th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**S.N.K. FACILITIES MANAGEMENT PVT. LTD.**
Govt.Lic. No 1726/081/082
Bafal-13, Kathmandu, Nepal, T: 01-5922923
Mob: 9851049837, 9860603888/ 9802378893, Email:- snkhrc@gmail.com, Web: www.snkmanpower.com

**युएइमा रोजगार** कम्पनी : CRESTLINE TECHNICAL SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०२/०२ LT. No. 323855 चलानी नं. ६०२३७९८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 16 | 0 | 1000 | ३७,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १२ गते (26th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Indigo Overseas Pvt. Ltd.**
Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955, Mobile No.9840806449, 9823025516
E-mail : indigo.pukar@gmail.com, indigo.recp@gmail.com, Website : www.ioplneoal.com

# एकैदिन १३५ आरोही सगरमाथा शिखरमा



**काठमाडौं (प्रस)**– मौसम अनुकूल भएसँगै आइतबार एकैदिन १३५ आरोहीले सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरेका छन् । वसन्त यामको जारी आरोहणमा एकैदिन धेरै संख्यामा आरोही सगरमाथाको चुचुरोमा पुग्न सफल भएको पर्यटन विभागले जनाएको छ ।

सगरमाथाको आधार शिविरस्थित विभागको अस्थायी फिल्ड कार्यालयका अनुसार मौसम अनुकूल भएकाले आइतबार धेरै आरोहीले सगरमाथा चढेका हुन् । आज सोमबार पनि धेरै संख्यामा आरोही सगरमाथाको चुचुरोमा पुग्ने योजनामा रहेको जनाइएको छ ।

विभागका निर्देशक हिमाल गौतमले भने, 'मे १८ तारिखका दिन 'म्याक्सिमम समिट प्लान' थियो । त्यसैले धेरै संख्यामा आरोहीले सगरमाथा आरोहण गरेका छन् । सगरमाथा आरोहणको सुरुका केही दिन आरोहण अवरुद्ध भए पनि तीन दिनयता सर्वाधिक आरोहण भइरहेका छन् ।'

निर्देशक गौतमले हालसम्म २०० भन्दा बढीले सगरमाथा आरोहण गरेको र आज सोमबार पनि धेरै आरोही सगरमाथाको चुचुरोमा पुग्ने योजनाका साथ गन्तव्यमा रहेको जानकारी दिए ।

### फोटोपत्रकार पूर्णिमा पाँचौंपटक चुचुरोमा

फोटो पत्रकारसमेत रहेकी कीर्तिमानी आरोही पूर्णिमा श्रेष्ठले पाँचौं पटक सगरमाथा आरोहण गरेकी छन् । श्रेष्ठले आइतबार बिहान सगरमाथाको चुचुरोमा पाँचौंपटक पुगेको सतोरी एडभेञ्चर प्रालिले जनाएको छ । श्रेष्ठले गत वर्ष एउटै याममा तीन पटक सगरमाथाको आरोहण गरेर विश्वकीर्तिमान कायम गरेकी थिइन् ।

गोरखाको आरुघाट गाउँपालिका-१० की श्रेष्ठले सन् २०१८ मा पहिलोपटक सगरमाथा आरोहण गरेकी थिइन् । विभागको तथ्यांकअनुसार वसन्त ऋतुमा हालसम्म ४७ आरोही समूहका ८६ महिला र ३८२ पुरुषसहित ४६८ जनाले सगरमाथा आरोहण अनुमति लिएका छन् ।

पृष्ठ १ बाट क्रमशः

## घरझगडाले...

सुदूरपश्चिम प्रदेश सरकारमा एक मन्त्रीका लागि दुई जना सांसदलाई अघि सारेका घटनाले नागरिक उन्मुक्ति (नाउपा) भित्र पारिवारिक विवाद पुनः सतहमा आएको छ । रेशम र रञ्जिता श्रीमान्-श्रीमती हुन् । उनीहरूबीच बेमेल छ । त्यही भएर रञ्जिताले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा सांसद कैलाशलाई मन्त्रीका लागि सिफारिस गरेकी थिइन् ।

रञ्जिताको यो कदममा रेशम र उनी पक्षको गम्भीर असहमति थियो । उनले कैलाशलाई मन्त्री बनाउने निर्णयको विरोध गरे । मन्त्रीका लागि रेशम समूहले घनश्याम चौधरीलाई अगाडि सारेको थियो । तर नाउपा सुदूरपश्चिम प्रदेश संसदीय दलका नेतासमेत रहेका उनले मन्त्री बन्न अस्वीकार गरे । पूर्वमन्त्रीसमेत रहेका उनले विवादकै कारण मन्त्री बन्न अस्वीकार गरेका हुन् । संसदीय दलमा बहुमत पनि रेशम र उनको पक्षमा छ । तर, अध्यक्ष रञ्जिताले आफूनिकट कैलाशलाई सिफारिस गर्दा लफडा भएको थियो ।

उसो त नागरिक उन्मुक्ति पार्टीमा यो विवाद पहिलो न अन्तिम । रेशम-रञ्जिता कलहको एउटा परिघटना मात्रै हो । उनीहरूबीचको कलहले पश्चिम तराईबाट देशको राजनीतिमा उदाएको दल नाउपालाई संकटोन्मुख बनाएको छ । पुराना दलहरूको गढ भत्काउँदै राजनीतिमा उदय यो दलको स्थापनाकै बेलादेखि रञ्जिता र रेशम कमाण्डर हुन् । खुला मोर्चामा अध्यक्ष रञ्जिता र आन्तरिक मोर्चामा संरक्षक रेशम प्रभावी छन् । यी दुईबीच शक्ति संघर्ष विगतदेखि नै जारी छ । एकले अर्कालाई पार्टीको कार्यकारी भूमिकामा अस्वीकार गर्दै आएका छन् ।

नाउपा थारुवान आन्दोलन र ७ भदौ २०७२ मा भएको टीकापुर घटना र त्यसपछि भएका परिघटनाको जगमा स्थापित स्थापित भएको हो । यतिबेला भने उक्त दल रेशम-रञ्जिताको घर झगडाको सिकार भएको छ ।

नाउपाका एक नेताका अनुसार नाउपा र जनमत पार्टीबीचको एकता ढिलाइमा पनि रेशम-रञ्जिता झगडा कारक छ । उनले भने, 'रञ्जिता जनमतसँगको एकतामा अध्यक्ष सिकेकै हैसियतमा रहन चाहन्छिन् । नभए, पार्टी एकता गर्ने उनको चाहना छैन ।'

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८०/१०/२३ को कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा ऋणीले सो समेतको वेवास्ता गरेको र सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०८१/०८/०५ मा कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मितिभित्र बैंकको नियमानुसार प्राप्त हुनुपर्ने न्यूनतम गोप्य शिलबन्दी बोलपत्रहरु प्राप्त हुन नआएकोले/बोलपत्र पर्न नआएकोले पुनः दोश्रो पटक यो सूचना प्रकाशित गरि इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

सिरहा जिल्ला, साविक असनपुर गा.वि.स. वडा नं. ७ हाल गोलबजार गा.पा./न.पा. वडा नं. ६ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय लाहान, सिरहामा मिति २०६६/०६/२३, प्रा.फ.र.नं. १०९५/०६६/०६७ तथा आन्तरिक राजश्व कार्यालय लाहानमा मिति २०६१/०७/२२ मा स्थायी लेखा नम्बर (PAN) ३०१७३२५८७ अन्तर्गत दर्ता कायम भएको **श्रवण पुस्तक तथा पत्रिका पसल** ।

**प्रोप्राईटर : राम सेवक महतो**

**व्यक्तिगत जमानीकर्ताको विवरण**

१. राम शोरुप महतोको नाति, बुधराम महतो कोइरीको छोरा, सिरहा जिल्ला, असनपुर न.पा./गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, गोलबजार न.पा./गा.पा. वडा नं. ६ बस्ने **राम सेवक महतो** (ना.प्र.नं. ११६८, जारी मिति २०५८/०४/२८, जि.प्र.का. सिराहा) ।

२. बुधराम महतो कोइरीको बुहारी, राम सेवक महतोको पत्नी, सिरहा जिल्ला, असनपुर न.पा./गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, गोलबजार न.पा./गा.पा. वडा नं. ६ बस्ने **किरण कुमारी सिंह** (ना.प्र.नं. १५१०४७/१५६६९, जारी मिति २०६६/०४/३०, जि.प्र.का. सिराहा) ।

**धितोको विवरण**

१. श्रवण पुस्तक तथा पत्रिका पसलको स्वामित्वमा रहेको माल सामान तथा आयप्राप्ती (Goods and Assignment of Bills and Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
२. किरण कुमारी सिंह (ना.प्र.नं. १५१०४७/१५६६९, जारी मिति २०६६/०४/३०, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, असनपुर गा.वि.स. वडा नं. ७ नक्सा सिट नं. ७ क स्थित कि.नं. ४३१२ को क्षेत्रफल ०-०-८ (वि.क.धु.) बमोजिमको जग्गा एवं सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको शाखा कार्यालय गोलबजार, सिरहाबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/०२/१९ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय गोलबजार, सिरहामा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/०२/२० गते १६:०० बजे यस बैंकको शाखा कार्यालय गोलबजार, सिरहामा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुर्‍याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित (कर्जा असुली) इकाईमा तथा शाखा कार्यालय गोलबजार, सिरहामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank
शाखा कार्यालय : गोलबजार, सिरहा
फोन नं. ०३३-५४०५११
Website : www.siddharthabank.com



**कुवेतमा रोजगार** कम्पनी : SAJ AL- SAADA COMPANY FOR PIES, PASTRIES AND SWEETS COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०२/०४ | LT. No. 323923 | चलानी नं. ६०२३७९३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Commi Chef | 3 | 0 | 150 | ६६,९५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Male cleaner worker | 1 | 0 | 110 | ४९,१०२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १२ गते (26th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1613/079/080
EXPRESS RECRUITER NEPAL PVT. LTD
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com



**कुवेतमा रोजगार** कम्पनी : DAINON GENERAL TRADING CO.W.L.L

पूर्व स्वीकृति मिति : २०८२/०२/०४ | LT. No. 324014 | चलानी नं. ६०२३७९७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Excavator Operator | 1 | 0 | 220 | ९८,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Lording Labors | 20 | 0 | 110 | ४९,१०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १२ गते (26th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 1543/078/079
Index Recruitment Pvt. Ltd.
Chabahil - 7, Kathmandu, Nepal,Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669
E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np



**साउदीमा रोजगार** कम्पनी : AL-GHADHA BREAD FACTORY ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०२/०३ | LT. No. 323972 | चलानी नं. ६०२३७९५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 1 | 0 | 1400 | ५१,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manufacturing Worker | 1 | 0 | 1200 | ४३,८९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १२ गते (26th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Euro Tech Consultancy Pvt. Ltd.
Samakhusi, Ktm, Nepal, Tel: +977-1-4357822, Mob No. 9851021264, 9851084492, 9860568683, 9829113270, 9855059472, 9823176502, 9706899162
श्रम ईजाजत नं. ५६७/०६२/०६३

प्रभाव दैनिक

रूपशाला

सोमबार, ०५ जेठ, २०८२ (Monday, May 19, 2025)

## श्रेष्ठको 'यात्राको तस्बिर' सार्वजनिक



लेखक तथा साहित्यकार श्रीराम श्रेष्ठको नियात्रा संग्रह 'यात्राको तस्बिर'को सार्वजनिक भएको छ । शनिबार काठमाडौंमा एक कार्यक्रमबीच नेपाली कांग्रेसका नेता एवं सांसद डा. शशांक कोइरालाले उक्त संग्रह सार्वजनिक गरेका हुन् । श्रेष्ठले विभिन्न क्षेत्रको भ्रमणका क्रममा देखे भोगेका अनुभव अनुभूतिहरूलाई नियात्राको रूपमा तयार पारिएका १७ शीर्षकका नियात्रा 'यात्राको तस्बिर' भित्र प्रस्तुत गरिएको छ । यो श्रेष्ठको २७औं कृति हो ।

नोरा फतेही लाइभ इन नेपाल

# नोराको जादुमयी प्रस्तुतीमा झुमे नेपाली



■ प्रभाव संवाददाता

**काठमाडौं–** भारतीय अभिनेत्री तथा उत्कृष्ट नृत्यांगना नोरा फतेहीले शनिबार बौद्धस्थित हायात मैदानमा आयोजित 'नोरा फतेही लाइभ इन नेपाल' कार्यक्रममा आफ्नो जादुमयी प्रस्तुतिमार्फत हजारौं नेपाली दर्शकलाई मन्त्रमुग्ध पारिन् ।

पहिलोपटक नेपाल आएकी अभिनेत्री फतेहीले कार्यक्रममा नेपाली कला र आतिथ्यताको बारम्बार प्रशंसा गरिन् । उनले नेपाल र नेपालीबाट आफ्ना गीतले पाएको अपार माया आफ्ना लागि ऊर्जाको स्रोतसहित अविस्मरणीय रहेको बताइन् ।

'नेपाली कलाकारहरूले मेरा गीतमा गर्नुहुने नृत्य प्रस्तुतिसँग राम्रोसँग परिचित छु र उनहरूका 'डान्स क्लिप'हरू पनि हेर्ने गर्छु । मेरा केही नेपाली साथीहरू पनि छन्, मलाई नेपालबाट प्राप्त हुने मायाकाबारेमा उहाँहरूले पनि भन्नुहुन्छ,' अभिनेत्री फतेहीले भनिन् ।

प्रस्तुतिका क्रममा उनले अप्रत्याशितरूपमा नेपाली कलाकार सुशान्त खत्रीलाई मञ्चमा बोलाएर सबैलाई चकित पारिन् । त्यसो त कलाकार खत्रीको आगमनबारे दर्शकसँगै आयोजक पनि बेखर थिए । 'मेरो नेपाली साथी जो, धेरै प्रतिभावान् छन्' भन्दै अभिनेत्री फतेहीले कलाकार खत्रीलाई मञ्चमा स्वागत गरिन् । दुवैले 'गेहरा समन्दर' गीतमा आकर्षक नृत्य प्रस्तुत गर्दा 'हुटिङ' सहित दर्शकले ताली बजाएर धन्यवाद व्यक्त गरेका थिए ।

यतिमात्र नभई सामाजिक सञ्जालमा आफ्ना श्रव्यदृश्य तयार पार्ने (कन्टेन्ट क्रिएटर आर्टिस्ट) गौरव सिटौलालाई दर्शककै भीडमा चिनेर अभिनेत्री फतेहीले मञ्चमा लगिन् । उनीहरूले 'दिलवर' मा प्रस्तुति दिए । अभिनेत्री फतेहीका गीतहरूमा आकर्षक र ऊर्जावान् प्रस्तुतिसहितको श्रव्यदृश्य तयार गरेर सामाजिक सञ्जालमार्फत सिटौलाले सार्वजनिक गर्दै आएका छन् ।

'म अभिनेत्री फतेहीको ठूलो प्रशंसक हुँ । मैले उहाँको हरेक गीतको नृत्यलाई मञ्च वा श्रव्यदृश्यमार्फत प्रस्तुत गरेको छु । आज सँगै नाच्न पाउँदा निकै उत्साहित छु,' सिटौलाले भने । आफ्नो २३ सदस्यीय नृत्य टोलीसँग करिब ४० मिनेटसम्म अभिनेत्री फतेहीले लोकप्रिय गीतमा ऊर्जावान् प्रस्तुति दिइन् । उनी आफैंले गाएकी 'स्नेक डान्स' बाट प्रस्तुतिको सुरुआत गर्दै 'कुसु कुसु,' 'ओ साकी साकी,' 'नाच मेरी रानी' जस्ता गीतहरूमा दर्शकलाई नचाइन् ।

'नेपालमा दर्शकले देखाउनुभएको माया र आतिथ्यताले मलाई झनै ऊर्जा थपिएको छ । यहाँ मैले निकै माया पाएकी छु, यो सुन्दर देशका मानिस पनि सुन्दर छन्,' फतेहीले आफ्नो अनुभव सुनाइन् । शनिबार बिहान आफ्ना दुई सहयोगीसहित काठमाडौं आइपुगेकी अभिनेत्री फतेही आइतबार बिहान संयुक्त अरब इमिरेटस् प्रस्थान गरिन् ।

कार्यक्रम शिक्षाबाट वञ्चित बालबालिकाको सहयोगार्थ कार्यरत सामाजिक संस्था 'ह्युमन रेस्पेक्ट नेपाल'को सहयोगका वर्ल्डवाइड फिल्मस्का देव मगर र मनु मिडियाका मनिष कार्कीले आयोजना गरेका हुन् ।

उक्त कार्यक्रममा अभिनेत्री फतेहीका साथै नेपाली कलाकारहरू गायक दुर्गेश थापा, प्रतिभाशाली नृत्यांगना तेरिया मगर र समर्पण लामा र 'भ्वाइस अफ नेपाल सिजन ६' का उत्कृष्ट पाँच कलाकार प्रोसेस पाण्डे, रोशन राई, अर्पणा आचार्य, प्रमेश राई तथा इन्द्रकला राईले पनि आ-आफ्नो प्रस्तुति दिए ।

भारतीय र नेपाली कलाको यो सुन्दर संयोजनले कार्यक्रमलाई थप आकर्षक, मनोरञ्जक र अविस्मरणीय बनाएको थियो ।

# हलिउड फिल्म 'टासी'को छायांकन टोली मुस्ताङमा

■ सुन्दरकुमार थकाली

**मुस्ताङ-** पहिलो सरगमाथा आरोही तेञ्जिङ नोर्गे शेर्पाको कथामा आधारित हलिउड फिल्म 'टासी'को छायांकन सोमबारदेखि मुस्ताङका विभिन्न स्थानमा हुने भएको छ । सन् १९५३ मा आरोही शेर्पाको नेतृत्वमा सर्वोच्च शिखर सगरमाथा आरोह गरिएका कथावस्तुलाई आधार बनाएर यहाँका तीन स्थानीय तहका विभिन्न स्थानमा फिल्म 'टासी'को छायांकन गर्न लागिएको हो ।

हलिउडदेखि बलिउड र नेपाली प्राविधिक तथा अन्य जनशक्ति सम्मिलित फिल्म 'टासी'को ठूलो जम्बो टोली यहाँ आइपुगेका छन् भने कतिपय आउने क्रममा रहेको बताइएको छ । अमेरिकी प्रविधि कम्पनी एप्पलले हलिउड फिल्म 'टासी' निर्माण गर्न लागेको हो ।

नेपालका विभिन्न जिल्लामा छायांकन गर्ने योजना बनाइरहेको सो फिल्मको युनिट यतिबेलामा भने छायांकनका लागि यहाँ आइपुगेको छायांकन स्थल सहजकर्ता पाल्गेन गुरुङले जानकारी दिए । उनका अनुसार उक्त फिल्मका लागि करिब ३०० भन्दा बढी जनशक्तिसहित ८० बढी कार तथा भ्यान, साना ठूला सामान बोक्ने ट्रक ५० भन्दाबढी र शौचालय, बाथरुम, भान्सा तथा सुत्नेसमेतको व्यवस्था भएका १० भन्दा बढी सवारीसाधन मुस्ताङ भित्रिएका छन् ।

उक्त टोली यहाँ आएपछि जोमसोम र पुथाङ विमानस्थलका करिब दुई दर्जन होटल एक महिनाका लागि अग्रिम बुकिङ भइसकेको गुरुङले जानकारी दिए । घरपझोङ गाउँपालिका-५ को कुछ्प तेरंगा गुम्बा र घरपझोङ-१ को लक्कीमा सो फिल्मको छायांकन हुने सहजकर्ता गुरुङले उल्लेख गरे । यसैगरी थासाङ गाउँपालिकाको बोक्सी खोला र बारागुङ मुक्तिक्षेत्रको पुराङ, झारकोट, धार्काजुङ, फल्याक खेलमैदान तथा लुप्रा पासमा फिल्मको छायांकन गर्ने योजना रहेको गुरुङको भनाइ छ ।

सगरमाथा आरोही शेर्पाको हिमाल आरोहरण, हिमाली सभ्यता, यहाँको जैविक विविधतालगायत परिदृष्य फिल्ममा समेटिने बताइएको छ । मुस्ताङमा यो फिल्म छायांकनका लागि वेडनेस आउटडोर कम्पनीले सम्बन्धित यहाँका स्थानीय तहलाई 'लोकेसन' छायांकनका लागि एक हप्ताअघि राजस्व शुल्कसमेत बुझाइसकेको छ ।

जिल्लाका तीन पालिकामा छायांकन हुने फिल्मको युनिट आएसँगै जोमसोमका होटल भरिभराउ भएको पर्यटन व्यवसायी राकेश भट्टचनले जानकारी दिए । पर्यटन व्यवसायी भट्टचनले राष्ट्रिय गौरवको कोरला सडक सहज भएसँगै मुस्ताङमा हलिउड, बलिउड र कलिउड फिल्म छायांकन गर्ने क्रम बढेको बताए । 'मुस्ताङमा यस प्रकारका फिल्म छायांकनले यहाँको आर्थिक विकासमा ठूलो योगदान पुग्ने र फिल्मका माध्यमबाट यहाँको पर्यटन विकास र प्रवर्द्धनमा ठूलो सहयोग पुऱ्याउँछ,' उनले भने ।

मुस्ताङमा सडक सञ्जालको विकास नहुँदाका बखत बलिउड फिल्म 'खुदा गवाह' छायांकन भएको थियो । त्यसपछि सबैभन्दा ठूलो लागतको हलिउड चलचित्र 'टासी' छायांकन हुन लागेको हो । मुस्ताङका धार्मिक तथा पर्वतीय पर्यटन विकासमा यहाँ छायांकन हुने चलचित्रले टेवा पुऱ्याउने गरेको छ । मुस्ताङमा पछिल्लो १० वर्षको अन्तरालमा दर्जनौं नेपाली, हिन्दी र अंग्रजी फिल्म छायांकन भइसकेका छन् । यसैगरी सर्ट मुभी, म्युजिक भिडियो र डकुमेन्ट्रीका लागि पनि मुस्ताङ प्रसिद्ध छायांकन केन्द्र बन्दै जान थालेको छ । *रासस*

रंगशाला

# टेबल टेनिस खेलाडीलाई प्रधानमन्त्रीको बधाइ

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीले 'दक्षिण एसियाली युथ टेबल टेनिस प्रतियोगिता'मा पदक विजेता खेलाडीलाई बधाइ दिएका छन् ।

प्रधानमन्त्री निवास, बालुवाटारमा आइतबार आयोजित कार्यक्रममा उनले भविष्यका आशालाग्दा युवा खेलाडीलाई बधाइ दिँदै उच्च मनोबलका साथ मिहेनत गरेर विश्व प्रतिस्पार्धामा विजयी हुन शुभकामना गरे । अखिल नेपाल टेबल टेनिस संघद्वारा गत २४ देखि २७ अप्रिलसम्म काठमाडौंमा आयोजित प्रतियोगितामा एक स्वर्ण, छ रजत र पाँच कास्यसहित नेपालले १२ पदक जितेको थियो । प्रतियोगिताको यु-१९ ब्वाइज टिम इभेन्टमा नेपालका प्रवेश बस्नेत, गनञ्जय दहाल, हिमाल विष्ट र रुविन महर्जनको टोलीले स्वर्ण पदक प्राप्त गरेका थिए ।

प्रधानमन्त्री ओलीले विजेता र सहभागीलाई टेबल टेनिस खेल्न लगाइ अवलोकनका साथै उनीहरूसँग आफूले पनि केहीबेर खेलेर प्रोत्साहन गरे थिए । साथै प्रधानमन्त्री ओलीले आफ्नो तर्फबाट उत्कृष्ट र सहभागी खेलाडीहरूलाई आकस्मिकरूपमा नगद पुरस्कार प्रदान गरेका थिए ।

संघका उपाध्यक्ष पूर्णशंकर श्रेष्ठले यसरी प्रधानमन्त्रीस्तरबाट टेबल टेनिसलाई पहिलोपटक स्नेह प्राप्त भएकाले यस खेलले भविष्यमा देशलाई राम्रो नतिजा दिने विश्वास व्यक्त गरे । संघका सचिव एवं दक्षिण एसियाली युथ टेबल टेनिस प्रतियोगिताका टोली व्यवस्थापक राजेन्द्रबहादुर दुलालले अन्तर्राष्ट्रिस्तरमा टेबल टेनिसमा भाग लिँदा युवा खेलाडीका अभिभावकले आफैं शुल्क तिर्नुपर्ने अवस्था अन्त्यका लागि सरकाबाट सहयोग हुनुपर्ने आग्रह गरेका थिए ।



## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशन मितिः २०८२/०२/०५)**

यस कार्यालयबाट मिति २०८२/०१/०३ गतेका दिन समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरुको मुल्याङ्कन गर्दा तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भई मूल्याङ्कन समितिबाट स्वीकृतिका लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७ को उपदफा (२) र कृषि विकास बैंक लि. आर्थिक प्रशासन विनियमावली २०६४ को विनियम ८० (ख)को उपविनियम (२) र विनियम १०६ बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.स | बोलपत्रको विवरण | छनोट भएको बोलपत्रदाताको नाम, ठेगाना | कबोल रकम भ्याट र ईन्सुरेन्स सहित |
|---|---|---|---|
| १. | Invitation Number : ADBL/CS/15/2081/82 Interior Decoration and Other Related Office Worksat ADBLBranch Bhadrakali, Kaski . | We5 Interior Solution and Construction, Gaidhabhetpur-4, Mahottari | रु.२७,३३,५१०।३४ (सत्ताइस लाख तेत्तिस हजार पाँच सयदश र ३४/१००) |

**कृषि विकास बैंक लि.**
भौतिक सम्पत्ति तथा नयाँ परियोजना विकास विभाग
मुख्य कार्यालय रामशाहपथ, काठमाडौं





## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०५/१५ मा दर्ता भएको **प्रा.लि. नं. १५४९७२/०७३/०७४** को **गोर्खा आर्मी तालिम केन्द्र प्रा. लि.** को मिति २०८२/०२/०४ को विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**





**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६७/०९/३० मा दर्ता भएको **प्रा.लि.नं. ७९६११** को **ओमेगा डेभलोपर्स प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०२/०४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।





**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६७/१०/१४ मा दर्ता भएको **प्रा.लि.नं. ८००२१** को **ओमेगा कन्सल्टेन्सी प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०२/०४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।





**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/०९/०५ मा दर्ता भएको **प्रा.लि.नं. २८००३६** को **रेज कलेक्सन प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०१/३१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।





## अधिकृत वारेसनामा बदरको सूचना

स्व.शिवहरी सिंहको नाति रमेश प्रधानको छोरा काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं.१ बस्ने वर्ष ३९ को आशिष प्रधान (ना.प्र.नं.३९४४५ मिति २०६३।०५।२५ काठमाण्डौ)ले दमयन्ती प्रधान-१, सुनिल प्रधान-१, विनिता सिंह-१, अनुप प्रधान-१ समेत उपर श्री काठमाण्डौ जिल्ला अदालतबाट अंश चलन मुद्दाको फैसला भएको र उक्त फैसला उपर पुनरावेदन गर्ने, प्रत्यर्थी भई हाजिर हुने, फैसला अन्तिम भएपश्चात फैसला कार्यान्वयन गरी वण्डा छुट्टयाई लिने र सम्वन्धित मालपोत कार्यालयमा उपस्थित भई ज.ध.प्रमाण पुर्जा लिने, सम्वन्धित बैंक तथा बित्तिय संस्थामा रहेका मैले प्राप्त गर्ने नगद तथा जिन्सी लिने र जुनसुकै व्यहोराले मिलापत्र गर्नु पर्ने भए मिलापत्र गर्ने र म आशिष प्रधानले गर्नु पर्ने जुनसुकै अदालतमा मुद्दा मामिला र म आशिष प्रधान उपर परेका जुनसुकै मुद्दाको म्याद बुझ्ने, प्रतिउत्तर पत्र दर्ता गर्ने, मुद्दासँग सम्वन्धित निवेदन पत्र दर्ता गर्ने, पुनरावेदन गर्ने, प्रत्यर्थीको हैसियतले हाजिर हुने, मुद्दा दोहोऱ्याई हेरी पाउँ भनि निवेदन दर्ता गर्ने, दावी फिर्ता लिने, जुनसुकै व्यहोराले मुद्दा मिलापत्र गर्ने लगायतका सम्पुर्ण कार्य गर्न लक्ष्मी बहादुर राजचलको नाति लक्ष्मीभक्त राजचलको छोरा भक्तपुर जिल्ला भक्तपुर न.पा.वडा नं.११ हाल परिवर्तित वडा नं.५ बस्ने वर्ष ४७ को हरि प्रसाद राजचल (ना.प्र.नं.१९६९१ मिति २०५५।०४।१२ भक्तपुर) लाई मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५३ बमोजिम मिति २०८१ साल बैशाख २१ गते रोज ६ मा काठमाण्डौ जिल्ला अदालतबाट अधिकृत बारेसनामा गरिदिएकोमा आजैका मितिबाट उक्त बारेसनामा बदर गरिएको हुँदा निजले आजका मितिदेखि उक्त अधिकृत बारेसको हैसियतले गर्ने कुनै पनि काम कारवाही मान्य नहुने गरी सो को प्रयोजनार्थ मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को दफा १५५ (१)(ग) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**–आशिष प्रधान**





**बुलिङटार गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बुलिङटार, नवलपरासी (वर्दघाट सुस्ता पूर्व)**
**गण्डकी प्रदेश, नेपाल**

## ठेक्का अन्त्य (Terminate) गरिएको सम्बन्धी सार्वजनिक सूचना

**सूचना प्रकाशन मिति : २०८२।०२।०५**

प्रस्तुत सम्बन्धमा यस कार्यालयबाट सञ्चालित ठेक्का नं. BUL/NCB/WORKS/03/077/078 का लागि निर्माण व्यवसायी श्री ग्रीन वर्ड कन्स्ट्रक्सन प्रा.लि. काठमाडौं-१६ मिति २०७८/०१/०७ मा ठेक्का सम्झौता भई मिति २०७९ पौष मसान्तसम्म निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा पटक पटक मौखिक तथा लिखित अनुरोध गर्दा समेत लामो समय देखि निर्माण कार्य सुचारू र सम्पन्न गर्न/गराउने तर्फ आवश्यक अग्रसरता/प्रयास/चासो नदेखिएको तथा स्वघोषित कार्यतालिका अनुसार प्रगति नदेखिएकोले १५ दिन भित्र कार्य सुचारू एवं सम्पन्न हुन नसकेको कारण र कार्य सम्पन्न गर्न सक्ने अध्यावधिक कार्यतालिका, स्रोत परिचालनको भरपर्दो योजना र कार्य सम्पन्न गर्ने प्रतिबद्धता सहित उक्त निर्माण व्यवसायिका आधिकारिक व्यक्ति यस कार्यालयमा उपस्थित हुन राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गर्दा समेत सम्पर्कमा नआएको साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (२) अनुसार ठेक्का सम्झौताको GCC ७२ मा भएको व्यवस्था र सारभूतरुपमा उक्त निर्माण व्यवसायीबाट ठेक्का सम्पन्न नहुने परिस्थिति निर्माण व्यवसायीबाट सिर्जना भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) समेतको आधारमा **ठेक्का अन्त्य** (Terminate) गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ । हालसम्म अद्यावधिक भएको काम र बाँकी कामको बिषयमा यो सूचना प्रकाशन भएको सात दिन भित्र अनुगमन तथा मूल्याङ्कन यस गाउँपालिका जनप्रतिनिधि, निर्माण व्यवसायी वा निजको आधिकारिक प्रतिनिधिको रोहवरमा गरिने व्यहोरा जानकारी गराईन्छ । सो समयमा समेत निर्माण व्यवसायी वा निजको आधिकरिक प्रतिनिधि उपस्थित नभएमा यस गाउँपालिका जनप्रतिनिधिको रोहवरमा अनुगमन मूल्याङ्कन गरी नियमानुसार प्रकृया अगाडि बढाईनेछ । साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९(८) बमोजिम बाँकी कार्य गर्न लाग्ने खर्च सरकारी बाँकीसरह असुल उपर गर्ने तर्फ कारवाहि गरीने व्यहोरा जानकारी गराइन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**



जापानको टोकियोस्थित आसाकुसामा वार्षिक सान्जा मात्सुरी महोत्सवमा ढोल बजाउँदै कलाकार । जापानी राजधानीमा गर्मीको आगमनको संकेत दिने वार्षिक तीनदिने महोत्सवमा हजारौं मानिसहरू भेला भएका थिए । *तस्बिरः एएफपी*

# युक्रेनको 'रक्तपात' अन्त्य गर्न पुटिनसँग कुरा गर्ने ट्रम्पको घोषणा

**किएभ-** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शनिबार रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग फोनमा कुरा गरी युक्रेनमा 'रक्तपात' अन्त्य गर्ने बताएका छन् । यो घोषणा रुस र युक्रेनबीच तीन वर्षभन्दा बढी समयपछि भएको पहिलो प्रत्यक्ष वार्ताको एक दिनपछि आएको हो ।

तीस दिनसम्म विनासर्त युद्धविराम गर्न रुसलाई दबाब दिँदै आएका ट्रम्पले सोमबार (आज) पुटिनसँग फोनमा कुरा गर्ने बताएका छन् । क्रेमलिनका प्रवक्ता दिमित्री पेसकोभले सरकारी तास समाचार एजेन्सीलाई फोनवार्ताको 'तयारी भइरहेको' बताए । यसअघि शनिबार क्रेमलिनले पुटिन र युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीबीचको बैठक दुवै पक्षले सहमतिमा पुगेपछि मात्र सम्भव हुने बताएको थियो ।

दुई देशबीचको प्रत्यक्ष वार्ताले कैदीहरूको अर्को आदानप्रदानका लागि सम्झौता गरेको एक दिनपछि क्रेमलिनको यो भनाइ आएको हो । शनिबार बिहान युक्रेनको पूर्वी सुमी क्षेत्रमा विस्थापित नागरिकहरू बोकेको मिनिबसमा रुसी ड्रोन आक्रमण हुँदा नौ जनाको मृत्यु भएको र पाँच जना घाइते भएको स्थानीय अधिकारीहरूले बताएका छन् ।

युक्रेनी राष्ट्रपति जेलेन्स्कीले आक्रमणको निन्दा गर्दै र रुसले अहिलेसम्म युद्धविराम गर्न अस्वीकार गरेकोमा मस्कोविरुद्ध नयाँ प्रतिबन्धहरूको आह्वान दोहोऱ्याए । 'कडा प्रतिबन्धविना, रुसमाथि बलियो दबाबविना, त्यहाँ वास्तविक कूटनीति हुने छैन,' उनले भने ।

आइतबार बिहान किएभ क्षेत्रका स्थानीय अधिकारीहरूले ओबुखिभ जिल्लामा ड्रोन आक्रमणमा एक महिलाको मृत्यु भएको जानकारी दिए । किएभ क्षेत्रका सैन्य प्रशासनका प्रमुख माइकोला कलास्निकले टेलिग्राम पोस्टमा एक निजी घरमा भएको आक्रमणमा एक महिला, एक पुरुष र चार वर्षीय बच्चा घाइते भएको लेखेका छन् ।

मस्कोको पूर्णस्तरको आक्रमणको केही समयपछि सन् २०२२ फेब्रुअरीमा भएको वार्तापछि इस्तानबुलमा शुक्रबार भएको पहिलो प्रत्यक्ष युक्रेन-रुस वार्तामा प्रत्येकले एक हजार कैदी आदानप्रदान गर्न सम्झौता गरेका थिए । युक्रेनका शीर्ष वार्ताकार रक्षामन्त्री रुस्तेम उमेरोभले 'अर्को कदम' जेलेन्स्की र पुटिनबीचको बैठक हुने जानकारी दिए ।

### ट्रम्पद्वारा रक्तपातको निन्दा

रुसले यो अनुरोधलाई ध्यानमा राखेको बताएको छ । 'हामी यसलाई सम्भव ठान्दछौं, तर कामको परिणाम र दुई पक्षबीचको सम्झौताका रूपमा निश्चित परिणामहरू प्राप्त गरेपछि मात्र,' क्रेमलिनका प्रवक्ताले भने ।

रुसका शीर्ष वार्ताकार भ्लादिमिर मेडिन्स्कीले मस्को र किएभले 'सम्भावित भविष्यको युद्धविरामको आफ्नो दृष्टिकोण प्रस्तुत गर्ने' बताए तर कहिले भन्ने बताएनन् । क्रेमलिनले पहिले युद्धबन्दीहरूको आदानप्रदान पूरा गर्नुपर्ने र अर्को चरणको वार्ता तय गर्नुअघि दुवै पक्षले युद्धविरामका लागि आफ्नो दृष्टिकोण प्रस्तुत गर्नुपर्ने बताएको छ ।

'अहिलेका लागि हामीले प्रतिनिधिमण्डलहरू हिजो टर्कीमा सहमत भएका कुराहरू गर्न आवश्यक छ,' क्रेमलिनका प्रवक्ता दिमित्री पेसकोभले भने, 'जसको अर्थ एक हजारका लागि एक हजार आदानप्रदान पूरा गर्नु हो ।' युक्रेनका सैन्य गुप्तचर प्रमुख किरिलो बुदानोभले प्रसारणकर्ता टिएसएनलाई अर्को हप्ता कैदी आदानप्रदान हुने आशा गरेको बताए ।

शनिबार ट्रुथ सोसलमा पोस्ट गर्दै ट्रम्पले उनी सोमबार पुटिनसँग 'रक्तपात' बाट बाहिर निस्कने उपाय खोज्नबारे छलफल गर्न कुरा गर्ने बताए । त्यसपछि युद्धविराम हुने र यो अत्यन्त हिंसात्मक युद्ध... अन्त्य हुने आशा व्यक्त गर्दै उनले जेलेन्स्की र नाटो अधिकारीहरूसँग कुरा गर्ने बताए । मस्को र वासिङ्टन दुवैले पुटिन र ट्रम्पबीचको द्वन्द्वबारे बैठकको आवश्यकतामाथि जोड दिएका छन् । ट्रम्पले पुटिनलाई आमनेसामने नभेटेसम्म द्वन्द्वमा 'केही हुने छैन' भन्ने तर्क दिएका छन् ।

### वास्तविक प्रगति

अमेरिकी विदेशमन्त्री मार्को रुबियोले रुसी विदेशमन्त्री सर्गेई लाभरोभसँगको टेलिफोन वार्तामा पछिल्लो कैदी आदानप्रदानको स्वागत गरेका छन् । सिबिएसलाई दिएको अन्तर्वार्तामा उनले लाभरोभले आफूलाई मस्को युद्धविरामका लागि आफ्ना आवश्यकताहरू उल्लेख गरिएको दस्तावेज तयार गरिरहेको बताएको जानकारी दिए । 'यदि रुस र मस्को दुवैले गम्भीर र व्यावहारिक प्रस्तावहरू प्रदान गर्न सक्छन् भने त्यहाँ वास्तविक प्रगति भएको छ र हामी त्यसमा काम गर्न सक्छौं,' रुबियोले भने ।

बसमा भएको आक्रमण बिलोपिल्ल्या सहर नजिकै भएको स्थानीय समुदायका प्रमुख युरी जार्कोले सुस्पिलेन टिभीलाई बताए । अधिकारीहरूका अनुसार मृतकहरूमा तीन जनाको परिवार रहेको थियो । अन्यत्र युद्धभूमिमा रुसी सेनाले आफ्ना सैनिकहरूले पूर्वी डोनेट्स्क क्षेत्रमा ओलेक्सान्द्रोपिल गाउँ कब्जा गरेको बताएको छ । त्यहाँ सबैभन्दा तीव्र लडाइँ भइरहेको छ । जेलेन्स्कीले वार्ताका लागि टर्की जान अस्वीकार गरेपछि पुटिनलाई 'डराएको' आरोप लगाए र रुसले वार्तालाई गम्भीरताका साथ लिएको छैन भनी तर्क गरे । *रासस/एएफपी*

# भारतले बंगलादेशबाट हुने आयातमा लगायो प्रतिबन्ध

## ७७ करोड अमेरिकी डलरबराबरको आयात रोकियो

**नयाँदिल्ली-** विदेश व्यापार महानिर्देशनालय (डिजिएफटी) द्वारा जारी एक निर्देशनपछि भारतको केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्रालयले शनिबार बंगलादेशबाट आयात हुने विभिन्न श्रेणीका सामानमा तत्काल बन्दरगाह प्रतिबन्ध लगाएको छ ।

व्यापार केन्द्रित अनुसन्धान समूह ग्लोबल ट्रेड रिसर्च इनिसियटिभ (जिटिआरआई) को रिपोर्टअनुसार भारतले भूमि बन्दरगाह (स्थलमार्ग) हुँदै बंगलादेशबाट हुने आयातमा लगाएको प्रतिबन्धले ७७ करोड अमेरिकी डलरबराबरको सामानमा असर पार्ने छ, जुन कूल द्विपक्षीय आयातको करिब ४२ प्रतिशत हो ।

केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्रालयले शनिबार बंगलादेशबाट विभिन्न श्रेणीका सामानआयातमा तत्काल लागू हुनेगरी प्रतिबन्धको घोषणा गरेको हो । यो निर्णयपछि गार्मेन्ट, प्रशोधित खाद्यपदार्थ र प्लास्टिकका सामानजस्ता प्रमुख वस्तुहरू अब समुद्री बन्दरगाहहरूमा मात्र सीमित भएका छन् वा स्थलमार्गबाट पूर्णतया निषेधित भएका छन् ।

नयाँ नीतिअनुसार वार्षिक ६१ करोड ८० लाख अमेरिकी डलर मूल्यका बंगलादेशी कपडाहरू अब दुई तोकिएका बन्दरगाहहरूबाट मात्र भारत प्रवेश गर्न पाउने छन् । यो निर्णयले बंगलादेशको भारतमा सबैभन्दा आकर्षक निर्यात च्यानललाई गम्भीर असर पार्ने जिटिआरआईले जनाएको छ ।

भारतीय टेक्सटाइल निर्माताहरूले आफ्ना बंगलादेशी प्रतिस्पर्धीहरूले चिनियाँ कपडाको शुल्कमुक्त आयात र पर्याप्त सरकारी निर्यात अनुदानबाट अनुचित लाभ लिने गरेको बताएका छन् । यी कारणहरूले बंगलादेशी निर्यातकर्ताहरूलाई भारतीय बजारमा १०-१५ प्रतिशत मूल्य निर्धारणको लाभ दिन्छ । जिटिआरआईले आफ्नो रिपोर्टमा भनेको छ, 'यी व्यापार उपायहरू अलग-अलग रूपमा देखापरेनन् ।'

जिटिआरआईको रिपोर्टमा भनिएको छ, 'यो ढाकाले भारतबाट ठूलो संख्यामा सामान आयातमा प्रतिबन्ध लगाएको र चीनप्रति कूटनीतिक धुरी बनाएकोप्रति भारतको प्रतिक्रियाजस्तो देखिन्छ ।




यो कदमलाई बंगलादेशका अन्तरिम मुख्य सल्लाहकार मोहम्मद युनुसको विवादास्पद टिप्पणीको प्रतिक्रियाको रूपमा पनि हेरिएको छ । बंगलादेशका प्रमुख सल्लाहकार युनुसले चीनमा दिएको सम्बोधनका क्रममा भारतका उत्तरपूर्वी राज्यहरूलाई 'भूपरिवेष्ठित क्षेत्र र समुद्रसम्म पहुँच नभएको क्षेत्र' भनेका थिए । यो टिप्पणीले कूटनीतिक घर्षण निम्त्याएको छ, भारतीय अधिकारीहरूले यसलाई यस क्षेत्रको कनेक्टिभिटी र स्थितिलाई कमजोर पार्ने रूपमा हेरेका छन् ।

ढाकाको चीनसँगको बढ्दो निकटतालाई उजागर गर्दै प्रतिवेदनमा सन् २०२४ को मध्यमा शेख हसिनाको भारतसमर्थक सरकारको पतन र मोहम्मद युनुसको नेतृत्वमा अन्तरिम प्रशासनको उदयले बंगलादेशको बेइजिङसँग सहकार्य गर्ने इच्छा जगाएको उल्लेख गरिएको छ । सन् २०२५ को मार्चमा भएको युनुसको चीन भ्रमणका क्रममा २.१ अर्ब अमेरिकी डलर बराबरको नयाँ लगानी तथा सहयोग सम्झौता भएको थियो । यी सबै घटनाक्रमका साथै टिस्टा नदी विकासजस्ता पूर्वाधार परियोजनाहरूले यस क्षेत्रमा भारतको स्थितिको लागि महत्त्वपूर्ण खतरा खडा गरेको छ ।

सन् २०२४ को अन्त्यदेखि बंगलादेशले भारतीय निर्यातमा शंखलाबद्ध प्रतिबन्ध लगाएको छ । यी प्रतिबन्धले सन् २०२५ को अप्रिलमा पाँच प्रमुख बन्दरगाहबाट भारतीय धागो आयातमा प्रतिबन्ध, चामल ढुवानीमा कडा प्रतिबन्ध र कागज र सुर्तीदेखि माछा र पाउडर दूधजस्ता दर्जनौं भारतीय सामानको आयातमा प्रतिबन्ध समावेश छ । *रासस/एएफपी*

# हैदराबादको भवनमा सर्ट सर्किटका कारण आगलागी, १७ जनाको मृत्यु




**हैदराबाद (भारत)-** हैदराबादको गुलजार हाउसमा रहेको भवनमा भएको आगलागीको प्रारम्भिक जाँचबाट कम्तीमा १७ जनाको ज्यान गएको घटनामा सर्ट सर्किटका कारण ठूलो आगलागी भएको देखिएको अग्नि विभागका एक अधिकारीले आइतबार बताएका छन् ।

'प्रारम्भिक जाँचले कारण सर्ट सर्किट भएको देखाएको छ,' तेलंगाना विपद् प्रतिक्रिया तथा अग्नि सेवाका महानिर्देशक वाई नागी रेड्डीले भने, 'सबै १७ जनाको मृत्यु धुवाँ फोक्सोमा गएकाले भएको हो, कसैलाई जलनका चोटहरू थिएनन् ।'

गुलजार हाउस क्षेत्रमा कृष्णा पर्ल्स पसल र आवासीय परिसरमा आगलागीको घटना भएको थियो । रेड्डीका अनुसार अग्नि विभागले स्थानीय समयानुसार बिहान ६:१६ बजे कल प्राप्त गरेर ६:१७ बजे पर्याप्त कर्मचारीहरूसहित ११ वटा दमकल पठाएको थियो । अग्नि विभागले मानिसहरूलाई बचाउन श्वासयन्त्र र अक्सिजन मास्कहरू प्रयोग गऱ्यो ।

'प्राप्त जानकारीअनुसार १७ जनाको ज्यान बचाउन सकिएन... प्रारम्भिक परीक्षणले सर्ट सर्किट कारण रहेको देखाउँछ,' उनले भने । 'आगो निभाउने र मानिसहरूलाई बचाउने काममा अग्नि विभागमा कुनै कमी थिएन । भवनमा सुरुङजस्तै दुई मिटरको एउटामात्र प्रवेशद्वार थियो । पहिलो र दोस्रो तलामा पुग्न एक मिटरको एउटा मात्र सिँढी छ । यसले भाग्ने र उद्धार कार्य धेरै गाह्रो बनायो । बिहान ९ बजेतिर आगो नियन्त्रणमा आएको थियो । भवनभित्र कूल २१ जना थिए । मृत्युको कारण धुवाँ सास फेर्नु हो; कसैलाई पनि जलनका चोटहरू थिएनन्,' अग्नि अधिकारीले भने ।

तेलंगाना अग्नि विपद् प्रतिक्रिया आपत्कालीन् तथा नागरिक सुरक्षाद्वारा जारी गरिएको १७ मृतकको सूचीमा १० वर्षमुनिका आठ बालबालिकाका नाम छन् । मुख्यमन्त्री ए रेवन्त रेड्डीले दुर्घटनाप्रति गहिरो शोक व्यक्त गरे । उनले घाइतेहरूलाई नजिकैका अस्पतालहरूमा सार्न र राम्रो चिकित्सा उपचार प्रदान गर्न आदेश जारी गरे ।

प्रधानमन्त्री नरेन्द्र मोदीले आगलागीमा ज्यान गुमाएकाहरूप्रति 'गहिरो दुःख' व्यक्त गरे । प्रधानमन्त्री कार्यालयका अनुसार उनले मृतकका परिवारलाई प्रधानमन्त्री राष्ट्रिय राहत कोषबाट दुई लाख भारतीय रूपैयाँ र दुर्घटनामा घाइते भएकाहरूलाई ५० हजार रूपैयाँको अनुदान घोषणा गरे । *रासस/एएनआई*


**सुर्नया गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**रौलेश्वर, बैतडी**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

**सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मितिः २०८२।०२।०५**

यस कार्यालयको मिति २०८२।०१।१५ गते आव्हान गरेको सिलबन्दी दरभाउपत्रको सूचना अनुसार २०८२।०१।३० मा रितपूर्वक पेश हुन आएका सिलबन्दी दरभाउपत्रहरु मध्ये तपसिलका सिलबन्दी दरभाउपत्रदाता न्यूनतम् मूल्यांकित सादरभूत रुपमा प्रभावकारी देखिएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उप दफा (२) र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो ७ (सात) दिने स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएकोछ ।

**तपसिल**

| सि.न. | IFB No. | खरिद कार्यको विवरण | छनौट भएको सिदबन्दी दरभाउपत्रदाताको नाम | कबोल रकम रू (मु.अ.क.बाहेक) |
|---|---|---|---|---|
| १ | SRM/GOODS/Med/SQ/01/081-082 | Procurement of Medicine Items | Glolobe Drug Supplier, Dhanagadhi-01 Kailali | 467485.00 |

**प्रमुख प्रशासकीय अधिकृत**



**माइग्रेसन हराएको सूचना**

मितिः २०८१/१२/०४ गते मैतीदेवीबाट रत्नपार्क जाने क्रममा मेरो निम्न व्यहोरा भएको CTEVT को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : विशाल थापा
रजिस्ट्रेसन.नं.: AA-00309-016
सिम्बोल नं.: ०८१०००३
ठेगानाः काठमाडौं
सम्पर्कः ९८६६१४६५११



**युएइमा रोजगार** कम्पनी : DRAIEH CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८२/०१/२२ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०२/०४ | LT. No. 323086 | चलानी नं. ६०२३७०६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 60 | 0 | 1000 | ३७,३५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Shuttering Carpanter | 70 | 0 | 1200 | ४४,८२९ | | | | | | | |
| 3 | Steel Fixer | 70 | 0 | 1200 | ४४,८२९ | | | | | | | |

**अन्तरवार्ता हुने मिति र स्थान :** गजराज ट्रेनिङ सेन्टर, नेपालगंजमा मितिः २०८२ जेठ ८ गते (22th May 2025), रामजानकी ट्रेनिङ सेन्टर, जनकपुरमा मितिः २०८२ जेठ ९ गते (23th May 2025) ओमेघा तालिक केन्द्र, जनकपुरमा मितिः २०८२ जेठ १० गते (24th May 2025), सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर, इटहरी सुनसरीमा मितिः २०८२ जेठ १२ गते (26th May 2025) अक्टोपस तालिम केन्द्र, झापा दमकमा मितिः २०८२ जेठ १३ गते (27th May 2025) र बुटवल तिलोत्तमा ट्रेनिङ सेन्टर, बुटवलमा मितिः २०८२ जेठ १४ गते (28th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रोजगारदाताले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 498/061/62

**KOSHI INTERNATIONAL SERVICES PVT. LTD.**
Koshi Villa, Furtiman Marga, Bishalnagar (Near Finland Embassy), KMC-4, T: 977-1-4423603/4423604, Mob: 984-1376648, 9851041549, Email:- koshi.labourdesk@gmail.com, Web: www.Koshiinternational.com
नेपालगंज (९८४८०५८१९४), रामजानकी जनकपुर (९८५१३२०४१३), ओमेघा जनकपुर (९८४१६४९३०७), इटहरी सुनसरी (९८०४९९९४१४), झापा दमक (९८५११८०२३३), बुटवल (९८५७०४३१६१)

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १८४२०० | प्रति तोला – ० | प्रति तोला – १९४५ |



**झोलुंगे पुल तर्दै च्यांग्रा** | मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-४ स्थित कागबेनीधाम नजिकै रहेको कालीगण्डकी नदीको झोलुंगे पुल तर्दै गरेका च्यांग्रा ।


*तस्बिर: सुशीलबाबु थकाली/रासस*

## 'सगरमाथा संवाद'का पाहुनाले गरे पर्वतीय उडानमार्फत हिमालको अवलोकन

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** 'सगरमाथा संवाद'मा सहभागी विशिष्ट विदेशी पाहुनालाई हिमशृंखलाको दृश्यावलोकन गराइएको छ । पर्वतीय उडान (माउन्टेन फ्लाइट) मार्फत उनीहरूलाई सर्वोच्च शिखर सगरमाथा सहितका हिमालको दृश्यावलोकन गराइएको हो ।

वन तथा वातावरणमन्त्री ऐनबहादुर शाहीको नेतृत्वमा विदेशी पाहुना 'माउन्टेन फ्लाइट'मा गएका थिए । यसका लागि परराष्ट्र मन्त्रालय र नेपाल पर्यटन बोर्डले समन्वय गरेका थिए । करिब एक घण्टाको 'माउन्टेन फ्लाइट'मा सहभागीले नीलो आकाशमुनि चाँदीका घेराझैँ टल्किने मनमोहक हिमशृंखलाको दृश्यावलोकन गरेका थिए ।



साहसिक गन्तव्यको प्रवर्द्धन गर्ने उद्देश्यले विदेशी पाहुनालाई 'माउन्टेन फ्लाइट' गराइएको नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले जानकारी दिए । 'जलवायु परिवर्तन, हिमाल र मानव जातिको भविष्य' विषयक पहिलोपटक आयोजित अन्तर्राष्ट्रियस्तरको 'सगरमाथा संवाद'मा स्वदेशी र विदेशी गरी ३५० जनाभन्दा बढी विशिष्ट व्यक्ति सहभागी भएका थिए । शुक्रबार सुरु भएको संवाद आइतबार सकिएको छ ।

# बुटवलको आधुनिक पशु बधशाला अलपत्र

## प्रदेश र स्थानीय सरकारको २२ करोड लगानी जोखिममा

■ **दामोदर खनाल**

**बुटवल-** ठूला योजनामा ठेक्कापट्टा र सञ्चालनमा राजनीतिकरण भएपछि कसरी समस्यामा पर्छ भन्ने उदाहरण बनेको छ बुटवलको आधुनिक पशु बधशाला । सार्वजनिक-निजी साझेदारीअन्तर्गत करिब २२ करोड रूपैयाँ लगानीमा दुई वर्षअघि बधशाला निर्माण सम्पन्न भएको हो ।

विवादका बावजुद गत वर्ष मुक्तिनाथ एग्रो प्रालिलाई वार्षिक ५८ लाख रूपैयाँको ठेक्कामा सञ्चालन गर्न दिए पनि गएको दुई महिनादेखि बधशाला बन्द छ । जहाँ चौकीदारबाहेक अरू कोही भेटिँदैनन् ।

बुटवल उपमहानगरपालिका र मुक्तिनाथ एग्रोले संयुक्त रूपमा सञ्चालन गर्दै आएकोमा नगरपालिकाले सहमति भएको सर्तअनुसार काम नगरेको भन्दै उक्त कम्पनीलाई बधशाला सञ्चालन गर्नबाट रोक लगाएको थियो । त्यसपछि बधशाला बन्द हुँदा बुटवलवासी स्वच्छ मासु उपभोग गर्नबाट वञ्चित भएका छन् ।

बधशाला निर्माणमा प्रदेश सरकारले करिब १३ करोड, बुटवल उपमहानगरपालिकाले दुई करोड रूपैयाँसहित हेफर इन्टरनेसनलले चार करोड रूपैयाँ र सहकारी किसानको एक करोड ९० लाख रूपैयाँ लगानी भएको छ । रूपन्देहीका एक हजारभन्दा बढी मासु व्यवसायी र २५ हजार बाख्रापालक किसानको प्रतिनिधित्व गर्ने संस्था तथा यसको प्राविधिक लगानी गरेको हेफर इन्टरनेसनलसँग



कुनै सहमति नगरी उपमहानगरले टेण्डरमा अघि बढाएपछि विवाद बढ्दै गएको थियो ।

सुरुमा आफूहरूलाई नै सञ्चालन गर्न दिने भनी करोडौं रकम धरौटी राखेर अन्तिममा टेण्डरको नाममा धोका दिएको व्यवसायी र किसानको आरोप छ । किसानलाई बधशालाको मालिक बनाउने र व्यवसायीलाई पनि अपनत्व दिने सर्तमा हेफरले करिब चार करोड रूपैयाँको प्राविधिक सहयोग गरेको बताउँदै आएको छ ।

आधुनिक बधशाला निर्माणका लागि भारतबाट विज्ञ प्राविधिक ल्याएर डिपिआर तयार गरिएको थियो । आयोजनाप्रति प्रदेश सरकार, मासु व्यवसायी, किसान र उपमहानगरपालिकाको तत्कालीन नेतृत्वलाई सहमत गराई संयोजनको काम गरेको तर सञ्चालन गर्ने बेला किसान र व्यवसायीलाई धोका दिने काम भएको हेफर इन्टरनेसनल परियोजना बुटवल कार्यालयका निर्देशक प्रेम सयम्बु बताउँछन् । 'हामीले त यो योजना चलोस् भनी सहयोग गर्दै आएका छौं, चलोस् भन्छौं । अहिले बधशाला सञ्चालनको जिम्मा लिएको कम्पनीले नगरपालिकाविरूद्ध मुद्दा दिएकाले त्यसको फैसला पर्खाइमै छौं,' उनले भने ।

पूर्वसहमतिविपरीत उपमहानगरले एक व्यवसायीलाई मात्र लाभ हुनेगरी ठेक्का दिएपछि किसान र मासु व्यवसायीले असहमति जनाउँदै आएका थिए । उनीहरू खसीबोका बधशालामा लगेर बध गर्न आनाकानी गर्दै आएका थिए । बुटवल-१० रामनगरमा दुई बिघा तीन कट्ठा क्षेत्रफलमा आधुनिक बधशाला बनेको छ । जहाँ खसीबोकाको चरन, होल्डिङ सेन्टर, पशु स्वास्थ्य जाँच तथा उपचार, सुरक्षा कक्ष, फोहोर प्रशोधन केन्द्र, हरियाली उद्यानलगायतका संरचना निर्माण गरिएको छ ।

बधशाला सञ्चालनको अन्तिम तयारीमा रहेका बेला बुटवल उपमहानगरपालिकामा स्थानीय चुनावसँगै नयाँ नेतृत्व आए । मेयरमा खेलराज पाण्डेय निर्वाचित भएपछि सार्वजनिक-निजी साझेदारी (पिपिपी) मोडलमा चलाउने उद्देश्यका साथ पूर्वमेयर शिवराज सुवेदीका बेला सुरु भएको अवधारणा फेरियो । जसका कारण सञ्चालनबारे विवाद बढ्दै गयो । र, छनोट भइसकेको कम्पनीलाई जानकारी नै नदिई स्वीकृत टेण्डर रद्द गरी नयाँ टेण्डर आह्वान गरिएको थियो ।

बुटवलबाहिरको एउटा कम्पनीले ठेक्का पाएपछि स्थानीय व्यवसायी र बाख्रापालक किसान बधशालाप्रति सकारात्मक बन्न सकेका थिएनन् । प्रदेश सरकारको करोडौं लगानी रहेको आयोजना अलपत्र हुँदा पनि प्रदेश सरकार र सरोकारवाला निकायको ध्यान जान नसकेको स्थानीयको गुनासो छ ।

## रोकिएन नेप्सेको ओरालो यात्रा

**काठमाडौं (प्रस)-** साताको पहिलो कारोबार दिन आइतबार सेयरबजार सामान्य अंकले घटेको छ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक २.७९ अंकले घटेको हो । यससँगै नेप्से परिसूचक २६०९.०५ बिन्दुमा कायम भएको छ ।

गत सातायता नेप्सेमा निरन्तर गिरावट देखिएको हो । आइतबार ३०९ कम्पनीको एक करोड ६९ लाख सात हजार ७३७ कित्ता सेयर ७९ हजार ८९३ पटक खरिदबिक्री हुँदा आठ अर्ब ५० करोड ९२ लाख २१ हजार रूपैयाँको कारोबार भएको छ ।

### कर्पोरेट

## सानिमा रिलायन्सको विलम्ब शुल्कमा सतप्रतिशत छुट





**काठमाडौं (प्रस)-** सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सले बिमालेखको नवीकरण गर्ने समय गुजारिसकेका ग्राहकहरूले विलम्ब शुल्क तिर्नु नपर्ने भएको छ । कम्पनीले व्यतीत बिमालेखको नवीकरण गर्न लाग्ने विलम्ब शुल्कमा सतप्रतिशत छुटसहितको पुनर्जागरण अभियान घोषणा गरेको हो ।

विभिन्न कारणले समयमै बिमा शुल्क भुक्तानी गर्न असमर्थ ग्राहकहरूलाई मध्यनजर गर्दै यो योजना सार्वजनिक गरेको हो । यस पुनर्जागरण अभियान जेठ १ गतेदेखि २५ गतेसम्म लागू हुने कम्पनीले जनाएको छ । पुनर्जागरण अभियानअन्तर्गत बिमालेख अवधिभित्र एकपटक मात्र ब्याज छुटको सुविधा प्रदान गरिने संस्थाले जनाएको छ । सामान्य अवस्थामा बिमालेख व्यतीत रहँदा बीमितले रक्षावरण गुमाउनुका साथै अतिरिक्त विलम्ब शुल्क पनि भुक्तानी गर्नुपर्थ्यो ।

## सिद्धार्थ बैंकका ग्राहकलाई होलिडे इन् रिसोर्टमा छुट

**काठमाडौं (प्रस)-** सिद्धार्थ बैंकका ग्राहकले बूढानीलकण्ठस्थित होलिडे इन् रिसोर्टमा छुट पाउने भएको छ । बैंक र रिसोर्टबीच विभिन्न सेवामा छुट प्रदान गर्नेसम्बन्धी सम्झौता भएको हो ।




सम्झौताअनुसार बैंकका ग्राहकहरूले उक्त रिसोर्टमा बैंकको कार्ड तथा मोबाइल बैंकिङ सेवाबाट भुक्तानी गर्दा फुड र सफ्ट बेभरेजमा १५ प्रतिशतसम्मको छुट प्राप्त गर्ने जानकारी दिइएको छ ।

'यस सम्झौताले ग्राहकहरूलाई छुटको सुविधा उपलब्ध गराउनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जान पनि उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ,' बैंकद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

# बागमती सरकारको विकास खर्च ३५ प्रतिशतमा सीमित

**बागमती (प्रस)-** चालु आर्थिक वर्ष २०८१/८२ को १० महिनामा बागमती प्रदेश सरकारले ३८.९१ प्रतिशत बजेटमात्र खर्च गरेको छ । प्रदेश सरकारले चालु आव २०८१/८२ को साउनदेखि वैशाखसम्ममा पुँजीगततर्फ ३५.०१ प्रतिशत र चालुतर्फ ४६.७९ प्रतिशत बजेट खर्च गरेको आन्तरिक मामिला तथा योजना मन्त्रालयका सूचना अधिकारी इन्द्रराज सञ्ज्यालले जानकारी दिए ।

उनका अनुसार चालु आवको १० महिनामा प्रदेश सरकारले पुँजीगततर्फ १३ अर्ब दुई करोड ७३ लाख ४७ हजार रूपैयाँ र चालुतर्फ १२ अर्ब आठ करोड ७३ लाख ९५ हजार गरी २५ अर्ब ११ करोड ४७ लाख ६६ हजार रूपैयाँ बजेट खर्च गरेको छ । प्रदेश सरकारले चालु आवका लागि ६४ अर्ब ५४ करोड चार लाख ३१ हजार रूपैयाँको बजेट ल्याएका बजेटमध्ये चालुको तुलनामा पुँजीगततर्फको बजेट कम खर्च भएको उनको भनाइ छ ।

विनियोजित बजेटमध्ये सबैभन्दा बढी प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालयले ६८.९२ प्रतिशत, प्रदेशसभा सचिवालयले ४९.५२ प्रतिशत खर्च गरेको छ भने सबैभन्दा कम संस्कृति तथा पर्यटन मन्त्रालयले १६.४८ प्रतिशत खर्च गरेको मन्त्रालयले जनाएको छ । प्रदेश सरकारका धेरैजसो योजना बल्ल कार्यान्वयनमा जान थालेकाले अब विस्तारै पुँजीगत खर्च बढ्दै जाने सूचना अधिकारी सञ्ज्यालले बताए ।

यस्तै प्रदेश सरकारले बाँडफाँटबाट विभिन्न शीर्षकमा संकलन गर्ने राजस्व तथा दस्तुरमा पनि कमी आएको छ । प्रदेश सरकारले चालु आवमा बाँडफाँटबाट २९ अर्ब ५५ करोड ८९ लाख रूपैयाँ प्राप्त हुने अनुमान गरिएकामा १० महिनामा त्यसको ६२.७३ प्रतिशत अर्थात् १८ अर्ब ५४ करोड १७ लाख २१ हजार रूपैयाँ राजस्व संकलन भएको मन्त्रालयले जनाएको छ ।

त्यसैगरी संघीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदानअन्तर्गत १५ अर्ब एक ५७ करोड ५६ लाख रूपैयाँ प्राप्त हुने अनुमान गरिएकामा १० महिनामा आठ अर्ब ४७ करोड १७ लाख ३० हजार रूपैयाँमात्र प्राप्त भएको सूचना अधिकारी सञ्ज्यालले बताए ।

त्यसैगरी, चालु आव २०८१/८२ मा प्रदेश सरकारको आन्तरिक स्रोतबाट संकलित राजस्वबाट चार अर्ब ५३ करोड ८४ लाख ७९ हजार रूपैयाँ प्राप्त हुने अनुमानमा तीन अर्ब सात करोड ३८ लाख ७७ हजार रूपैयाँमात्र प्राप्त भएको मन्त्रालयले जनाएको छ । आर्थिक तरलताका कारण घरजग्गा तथा नयाँ सवारीसाधन खरिदबिक्री कारोबारमा आएको गिरावटका कारण प्रदेश सरकारको राजस्व संकलन प्रभावित भएको सूचना अधिकारी सञ्ज्यालको भनाइ छ ।

## कजारियाको नयाँ सोरूम गैंडाकोट

**नवलपुर (प्रस)-** भारतको टायल कम्पनी कजारियाले नवलपुरको गैंडाकोटमा नयाँ सोरुम विस्तार गरेको छ । न्यु राजस्थानी मार्बल एण्ड टाइल्स सप्लायर्सद्वारा सञ्चालित यस सोरुमले उच्च गुणस्तरका टायलहरूको बढ्दो मागलाई पूरा गर्ने लक्ष्य राखेको जनाएको छ ।

नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशका अध्यक्ष अमृत भट्टचनले र कजारिया रमेश टाइल्स लिमिटेडका क्षेत्रीय सेल्स प्रतिनिधि विकाश गौतमले उक्त सोरुमको उद्घाटन गरेका थिए ।




कम्पनीका राष्ट्रिय प्रबन्धक अभ्याशभूषण तिवारीले नयाँ सोरुमबाट आर्किटेक्ट, निर्माण व्यवसायी र घरधनीहरूलाई टिकाउ र उच्च गुणस्तरका उत्पादनहरू उपलब्ध गराउने लक्ष्य रहेको बताए । यहाँ प्रिमियम टायलहरूको विस्तृत संग्रहसमेत उपलब्ध हुने उनले बताए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ